जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

## सर्लाहीमा आगलागी

**टुडे समाचारदाता**

मंलगवा । सर्लाही जिल्लाको संग्रामपुरमा अबेर राती आगलागी भएको छ। आगलागी नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीय बासिन्दा जुटेका छन् । क्षतिको विवरण आउन बाँकी छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनधनको क्षतिलाई न्यून गर्न प्रयास भईरहेको जनाईएकोछ।

वर्ष २५ •अंक ३४८ • २०८१ साल जेठ ३ गते बिहीबार (16 May, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### सर्वोच्चबाट जसपा नेपाललाई राहत

# सनाखत रोकियो, राई पक्षमा निराशा

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी( जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टी विभाजनविरुद्ध सर्वोच्च अदालतमा गरेको मुद्दामा तत्कालका लागि राहत पाएको छ।

सर्वोच्च अदालतले जनता समाजवादी पार्टी (जसपा) नेपाल विभाजनका विषयमा भएका निर्णयहरु यथास्थितिमा राख्न निर्वाचन आयोगको नाममा बुधवार अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

जसपा नेपालका अध्यक्ष यादवले दायर गरेको रिटमा सुनुवाइ गर्दै न्यायाधीश विनोद शर्माको एकल इजलासले पार्टी विभाजनपछि निर्वाचन आयोगले गरेको अर्को दल दर्तालगायतका निर्णय यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश दिँदै जेठ ८ मा दुबै पक्षलाई छलफलका लागि बोलाएको छ।

जसपा नेपालका अध्यक्ष यादवले सोमबार सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। रिटमा अशोक राई नेतृत्वको जसपालाई आधिकारिकता दिने निर्वाचन आयोगको निर्णयलाई उत्प्रेषणको आदेशले बदर हुनुपर्ने माग गरिएको छ । जसपा नेपालबाट विभाजित राई नेतृत्वको जसपाले वैशाख २४ गते आयोगबाट आधिकारिकता पाएको थियो ।

जसपा नेपालबाट ७ जना सांसदसहित विभाजित भएको समूहले अशोक राई नेतृत्वमा नयाँ पार्टी जसपा दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिएका थिए। आयोगले वैशाख २४ मा उक्त दल दर्ता गर्ने निर्णय गरेको थियो। यादवले जसपा नेपालबाट विभाजित भएको समूहको दल दर्ता कानुन विपरीत भएको जिकिर गर्दै सर्वोच्चमा रिट दर्ता गराएका थिए।




जसपा नेपालको केन्द्रीय समितिको बैठक सम्पन्न भएको पहिलो दिन सर्वोच्चबाट जारी भएको अन्तरिम आदेशले नेता, कार्यकर्ताहरु उत्साहित देखिएका छन् । आफ्नो पक्षमा फैसला आउने उनीहरुको विश्वास रहेको छ।

केन्द्रीय समितिमा अधिकांश सदस्यहरु सहभागी भएकाले ७ जना सांसद अलग्गिए पनि पार्टीको संगठनात्मक संरचनामा ठूलो क्षति नभएको मुल्यांकन गरिएको छ।

जसपा नेपालमा भएको विभाजनपछि १२ जना प्रतिनिधि सभासदस्य मध्ये ५ जना सांसद मात्र अध्यक्ष यादवसँग छन् । 'निर्वाचन आयोगको बैठक संख्या १२/२०८१ वैशाख २४ को बैठकको प्रस्ताव नं ३० मा भएका विभिन्न निर्णयहरुमध्ये कतिपय कार्यान्वयन भइसकेका र कतिपय कार्यान्वयनको प्रक्रियामा रहेका भन्ने देखिन आई उक्त विषयमा प्रत्यर्थी निर्वाचन आयोगसमेतसँग छलफल गरी निष्कर्षमा पुग्न मनासिव देखिएकाले उल्लिखित मिति २०८१/०१/२४ को बैठकबाट भएका निर्णयहरु र सोका आधारमा भएका कामकारबाहीहरु जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यथास्थितिमा राखी मिति २०८१/०२/०८ मा छलफलका लागि उपस्थिति हुनु भनी ' अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ', सर्वोच्च अदालतको आदेशमा भनिएको छ । निर्वाचन आयोगले जसपा नेपाल विभाजनलाई मान्यता दिन टेकेको नियमावली निष्कृय भइसकेको यादव पक्षको दाबी छ। सो नियमावली बनाइएको अध्यादेश नै खारेज भइसकेपछि त्यसको पनि औचित्य समाप्त भइसकेको तर्क रिट निवेदक पक्षधर कानुन व्यवसायीहरुले राखेका थिए।

निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ताहरु हरिहर दाहाल, बद्रिबहादुर कार्की, मिथिलेश कुमार सिंह, शेरबहादुर केसी, दिनेश त्रिपाठी, मेघराज पोखरेल र अधिवक्ताहरु यदुनाथ खनाल, ललित बहादुर बस्नेत, अजयशंकर झा, स्वागत नेपाल, चन्द्रकान्त ज्ञवाली, साय खड्का, सञ्जय कुमार साह, महेश नारायण साह, प्रिती रमण, भगवती सुवेदी, रसना यादव, निरुजा चापागाईं, पर्वत चापागाईं, आशा राई, नारायण पोखरेल, नागेन्द्र यादवले वहस गरेका थिए।

त्यसै गरी अशोक राईको तर्फबाट वरिष्ठ अधिवक्ताहरु महादेव प्रसाद यादव, शम्भु थापा, चण्डेश्वर श्रेष्ठ, रामण कुमार श्रेष्ठ, राम नारायण विडारी, इश्वरीप्रसाद भट्टराई, सुरेन्द्र कुमार महतो, रमेश वडाल र अधिवक्ताहरु हर्कबहादुर रावल, राजेन्द्र घिमिरे र मधु उपाध्यायले वहस गरेका थिए।

सर्वोच्च अदालतको अन्तरिम आदेशपछि विभाजित भएर बनेको जसपाका नेता, कार्यकर्ताहरुमा निराशा देखिएको छ।

निर्वाचन आयोगले जसपा नेपालका सांसद, प्रदेश सभासदस्य र स्थानीय तहका जनप्रतिनिधिहरुलाई दल रोज्नका लागि जेठ १३ गते सम्म सनाखत गर्न समयसीमा निर्धारण गरेको छ। अन्तरिम आदेशले त्यो कार्य हाल रोकिएको छ।

## श्री रामजानकी सुंडी कुटी जनकपुरधाम ७ को नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको उद्घाटन कार्यक्रम एवं १५ पन्द्रऔं साधारण सभाको बन्द शत्र संचालन सम्बन्धी सूचना

(सुंडी समाजद्वारा संचालित)

श्री रामजानकी सुंडी कुटी जनकपुरधाम ७ को लतराहा कुटी परिसरमा निर्माण भएको **अतिथी भवन एवं विवाह मण्डप**को उद्घाटन संस्थाको प्रमुख संरक्षक श्री बलराम महतो ज्यूबाट हुने कार्यक्रममा एवं **१५ पन्द्रऔ साधारण सभाको बन्द सत्र** मिति २०८१/०१/२१ गते प्रकाशित सूचना अनुसार मिति २०८१/०२/०५ गते बिहान ८:०० बजे देखि संचालन गर्ने कार्यक्रम रहेकोमा प्राविधिक कारणले गर्दा सम्पूर्ण कागजातहरु तैयार हुन नसकेकोले बन्द शत्रको कार्यक्रम मिति २०८१/०२/०२ गतेको कार्यसमितिको निर्णय अनुसार र यस संस्थाको विधान २०५४ को २१.२ अनुसार **मिति २०८१/०३/०८ गते बिहान ८:०० बजे देखि** यस संस्थाको लतराहा कुटी परिसरमा हुने भएकोले सम्पूर्ण संरक्षक सदस्य, आजिवन सदस्य र साधारण सदस्यहरुलाई यसै सूचनालाई निमन्त्रणा मानि नव निर्मित भवनको उद्घाटन कार्यक्रम एवं बन्द शत्रको सभामा सहभागी हुनको लागि विनम्र अनुरोधको साथ आमन्त्रण गरिएको छ ।

नव निर्मित अतिथी भवन एवं विवाह मण्डपको संचालन व्यवस्थापनको लागि आर्थिक सहयोग सम्बन्धमा कार्य समितिको निर्णय अनुसार न्यूनतम रु. ११०००।- वा सो भन्दा माथि (नगदी/जिन्सी) सहयोग गर्ने स्वजाती दाताहरुको नामावली भवनको शिलालेखमा उल्लेख गर्ने भएकोले मिति २०८१/०२/१० गते देखि मिति २०८१/०२/२५ गते सम्म बिहान ७:०० बजे देखि १०:०० बजे समय भित्र समितिको कार्यालयमा आर्थिक सहयोग गर्न गराउनको लागि ईच्छुक स्वजाती बन्धुहरुमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**रत्न कुमार पुर्वे**
अध्यक्ष






जनकपुर टुडे



# आफ्नै अनुसन्धानबाट प्रमाण पुऱ्याएर इतिहास लेख्ने ज्ञानमणि

काठमाण्डु । ज्योतिष एवम् इतिहासका विद्वान नयराज पन्तले खोलेको पाठशालाका पहिलो चरणका शिष्यमध्ये हुनुहुन्थ्यो इतिहासकार ज्ञानमणि नेपाल । पन्तले खोलेको पाठशालापछि संशोधन मण्डलमा परिणत भएको थियो । पन्तले भारतको बनारसबाट ज्योतिष विषयमा उच्च शिक्षा हासिल गरी फर्केपछि १९९५ सालमा संस्कृत पाठशाला खोल्नुभएको हो । यसैलाई पछि संशोधन मण्डल नामकरण गरिएको थियो ।



पन्तले स्थापना गर्नुभएको गुरुकुलीय पद्धतिको पाठशालामा अध्ययन गर्नुभएकाले इतिहासकार नेपालसँग कुनै शैक्षिक प्रमाणपत्र त थिएन । नयराज पन्तको गुरुकुलमा अध्ययन गर्ने शिष्यसँग औपचारिक प्रमाणपत्र नभए पनि अहिले विभिन्न क्षेत्रमा अब्बल भएर काम गरिरहेका भेटिन्छन् । गुरुकुलमा अध्ययन पूरा गरेपछि नेपालले पशुपति क्षेत्रस्थित मृगस्थलीमा योगी नरहहिनाथलगायतले स्थापना गर्नुभएको संस्कृत पाठशालामा पढाउनुभयो ।

एक वर्षसम्म मृगस्थलीको गुरुकुलमा पढाएपछि नेपाल गृह जिल्ला भोजपुर फर्कनुभयो । भोजपुरमा केही वर्ष काम गरेपछि उहाँ काठमाडौँ फर्किएर नेपाल तथा एशिया अध्ययन केन्द्र (सिनास) मा काम गर्न थाल्नुभयो । संस्कृत साहित्यमा नेपाल अब्बल हुनुहुन्थ्यो । यसले गर्दा प्राचीनकालमा संस्कृत भाषामा लेखिएका कागजातको अध्ययन गरी इतिहास लेखनमा उहाँलाई मद्दत पुग्यो । नयराज पन्तले 'मेरो ज्योतिषको उत्तराधिकारी भोलानाथ हो, वाङ्मयपट्टि ज्ञानमणि हो' भनेको सुन्नेहरु अहिले पनि छन् ।

उहाँका धेरै समकालीनले यो सम्झना सुनाउने गरेका छन् । नेपाल प्रमाण पुऱ्याएर इतिहास लेख्ने प्रतिभाशाली लेखकमा पर्नुहुन्छ । उहाँसँग नेपालको इतिहास र सांस्कृतिक विषयमा धेरै ज्ञान थियो । नेपालका नेपाल निरूपण, नेपाल निरुक्त र नेपालको पूर्वमध्यकालको इतिहासमा इतिहाससम्बन्धी धेरै विषयवस्तु समेटिएको छ । यी उहाँका पढ्नैपर्ने पुस्तकमा पर्छन् । इतिहास विषय अध्ययन गर्ने विद्यार्थीको कमी भयो भन्ने चर्चा चलिरहेका बेला नेपालको लगनशीलताले आकर्षित गरेर उहाँसँग अध्ययन गर्न जानेको संख्या पनि उल्लेख्य थियो ।

**'राज्यले उपयोग गर्न सकेन ज्ञानमणिको ज्ञान'**

पछिल्लो समय नेपालसँग अध्ययन अनुसन्धानमा सक्रिय हुनुभएका हरिप्रसाद सोडारी उहाँमा भएको ज्ञान राज्यले उपयोग गर्न नसकेको बताउनुहुन्छ । इतिहास र संस्कृतिसम्बन्धी गहिरो ज्ञान भएका नेपालमा ऐतिहासिक सन्धिपत्रलगायत सामग्री अध्ययन गर्ने क्षमता थियो । उहाँबाट यसको ज्ञान पुस्तान्तरण गराउन भने राज्य नै चुकेको उहाँ बताउनुहुन्छ ।

उहाँ नेपाल प्रज्ञा प्रतिष्ठानको सदस्य हुनुभएका बेला इतिहाससम्बन्धी धेरै काम भएको थियो । उहाँको बहुचर्चित पुस्तक 'नेपालको महाभारत' साझा प्रकाशनले प्रकाशित गरेको थियो । अहिले बजारमा पाइँदैन । यसको पुनःप्रकाशन नहुँदा धेरैले चाहेर पनि अध्ययन गर्न नपाएको सोडारी बताउनुहुन्छ । इतिहासकार नेपालले लेख्नुभएको पहिलो पुस्तक ऐतिहासिक पत्रसङ्ग्रह भाग १ हो । नेपाली इतिहासको अध्ययन अनुसन्धानका लागि यो महत्वपूर्ण पुस्तक मानिन्छ । २०१४ सालमा नै लेखिएको यस पुस्तकमा त्यस बेलासम्म नेपालमा प्रकाशमा नआएका विशेषगरी मध्य र शाहकालका ऐतिहासिक पत्रहरूको व्याख्या गरिएको छ । यसबाट त्यस समयको अध्ययन, अनुसन्धान गर्न चाहनेका लागि महत्वपूर्ण सन्दर्भ सामग्रीका रुपमा यो स्थापित भएको छ ।

पुस्तकमा लेखिएका प्रमाणको सक्कल कागजातको तस्बिर पनि छापिएको छ । धनबज्र बज्राचार्यसँगको सहलेखनमा यो पुस्तक तयार भएको हो । बज्राचार्य पनि नयराज पन्तकै शिष्य हुनुहुन्थ्यो । पन्तले बढी रुचाएका शिष्यमा बज्राचार्य र नेपाल रहनुभएको थियो । नेपालको प्राचीन इतिहासका विषयमा नेपालले लामो समय कलम चलाउनुभयो । उहाँले साहित्यिक कृति पनि उत्तिकै प्रकाशन गर्नुभयो ।

सिनासबाट उहाँका धेरै पुस्तक प्रकाशन भएका छन् । 'नेपालको पूर्वमध्यकालीन राजनीतिक इतिहास' तिनैमध्येको पुस्तक हो । त्यस कालखण्डबारे एउटा लेख पनि नभएका बेला नेपालले नेपाली अनुसन्धाता र इतिहासका विद्यार्थीका लागि अध्ययन सामग्री उपलब्ध गराइदिनुभएको सम्झनुहुन्छ इतिहासविद् त्रिरत्न मानन्धर । 'नेपाल निरुक्त' र 'नेपाल निरूपण' पनि उहाँका महत्वपूर्ण पुस्तक हुन् । यी पुस्तक उहाँका लेखका सङ्कलनका रुपमा रहेका छन् । ती सबै मौलिक स्रोतमा आधारित छन् । जसमा प्रमाणिक कुरामात्र राखिएकाले अनुसन्धाताका लागि उपयोगी मानिन्छन् । हरेक पुस्तक आफैँ अनुसन्धान गरेर लेख्ने उहाँको मौलिकशैली थियो । अन्यत्र प्रकाशित स्रोतमा उहाँ भर पर्नुहुन्नथ्यो ।

आफैँ खोजी गरेर पुष्टि भएपछि मात्र त्यसलाई पुस्तकको रुप दिने गर्नुहुन्थ्यो । नेपालले परराष्ट्र मन्त्रालयका कागजपत्र खोजेर तिनको व्याख्या गरी पुस्तक लेख्नुभएको छ । उहाँले काठमाडौँको गुठीका बारेमा अनुसन्धान गरी लेखिएको लेख पनि चर्चित छ । नेपाल र भोटबीचको सांस्कृतिक सम्बन्धका विषयमा पनि उहाँले पुस्तक लेख्नुभएको छ ।

नेपालको सबैभन्दा धेरै चर्चित, बढी पढिएको र धेरैले सन्दर्भसूचीका रूपमा उल्लेख गर्ने गरेको पुस्तक नेपालको 'महाभारत' भएको इतिहासविद् मानन्धर बताउनुहुन्छ । सो पुस्तकमा उहाँले शाहकालका विभिन्न षड्यन्त्रका विषयलाई समेट्नुभएको छ । सिनासले प्रकाशन गर्ने जर्नल कन्ट्रिब्यूशन टू नेप्लिज स्टडीलगायत पत्रपत्रिकामा पनि उहाँका धेरै लेख छापिएका छन् ।

वैचारिक बहसमा सक्रियतापूर्वक सहभागी हुने निर्भिक समीक्षक पनि उहाँ हुनुहुन्थ्यो । इतिहासको खोज, अनुसन्धान गरी जीवनको अन्तिमसम्म पनि उहाँले लेखिरहनुभयो । रोगले थलिए पनि उहाँले अध्ययन, अनुसन्धान र लेखनलाई बिट मार्नुभएन । फलस्वरुप उहाँले आफ्नो नाम अनुसारको काम भने झैँ ज्ञानको मणि बनेर नेपाली इतिहासमा तीन दर्जनभन्दा बढी कृति दिएर जानुभएको छ ।

मुटु र मिर्गौलासम्बन्धी रोगबाट पीडित नेपालको उपचारका क्रममा त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल परिसरस्थित मनमोहन कार्डियोभास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा यही जेठ १ गते मध्याह्नमा निधन भएको थियो । इतिहासकार नेपालका दुई छोरा हुनुहुन्छ । उहाँकी श्रीमतीको भने केही वर्षअघि नै निधन भइसकेको उहाँका भाइ एकमणि नेपालले जानकारी दिनुभयो ।

नेपाललाई एक सिद्धहस्त, नेपालको सांस्कृतिक इतिहासका ज्ञाता र खोजकर्ताको रूपमा चिनिन्छ । भोजपुरमा विसं १९८९ माघ शुक्लपञ्चमी अर्थात् श्रीपञ्चमीका दिनमा जन्मिएर खोटाङमा कार्यक्षेत्र बनाइ कौमुदी, चण्डीबाट शिक्षाआर्जन गर्न सुरु गर्नुभएको थियो । काठमाडौँमा आई इतिहासप्रति अभिरुचि राखेर नेपालले अध्ययन गरी इतिहाससम्बन्धी अनेकौँ कृति प्रकाशन गर्नुभएको छ । जसमा 'नेपाल निरुपण', 'नेपाल निरुक्त', 'नेपालको महाभारत', ' पशुपतिनाथको दर्शन, स्पर्शन, पूजन', 'पुराना कविता'लगायत करिब तीन दर्जन कृति प्रकाशित भएको लेखक एवं साहित्यकार सोडारीले जानकारी दिनुभयो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य रहिसक्नुभएका नेपाललाई नेपालको इतिहासमा एक अन्वेषक इतिहासकारका रुपमा स्मरण गरिने छ । इतिहास कसैलाई खुसी बनाउन भन्दा पनि वास्तविकता जे हो, त्यही जनसमक्ष ल्याउने विषय हो भन्ने नेपालका मूलमन्त्र थियो । यही मन्त्रबाट प्रेरित भएर उहाँले नोपलको ऐतिहासिक अध्ययन र लेखन गरेर बिदा हुनुभएको छ ।रासस

# पिस कोरका उपनिर्देशक डेभिड ह्वाइट नेपाल भ्रमणमा

काठमाण्डु । पिस कोरका उपनिर्देशक डेभिड ई ह्वाइट जुनियर नेपालको पाँच दिने भ्रमणमा बुधबार काठमाडौँ आइपुग्नुभएको छ । भ्रमणका क्रममा उहाँले नेपाल सरकार र नागरिक समाजका प्रतिनिधिहरूसँग भेटवार्ता गर्नुहुने यहाँस्थित संयुक्त राज्य अमेरिकी दूतावासले जनाएको छ ।



पिस कोर विश्व शान्ति तथा मित्रताको उद्देश्यबाट अभिप्रेरित स्वयंसेवक, समुदायका सदस्य, आतिथ्य मुलुकका साझेदार र कर्मचारीहरूको अन्तर्राष्ट्रिय सेवा सञ्जाल हो ।साथै, उहाँले नेपालमा पिस कोर कार्यक्रम विस्तार गर्ने योजनाबारे छलफल गर्नुहुनेछ । उपनिर्देशक ह्वाइट भर्खरै नेपाल आइपुगेका १० जना 'पिस कोर रेस्पोन्स भोलेन्टियर'हरूको सपथ ग्रहण समारोहमा पनि सहभागी हुनुहुनेछ ।

नेपालमा काम गर्न आउने रेस्पोन्स भोलेन्टियरहरूको यो नै पहिलो समूह हो । पिस कोर रेस्पोन्स कार्यक्रमले अनुभवी अमेरिकी स्वयंसेवकलाई अल्पकालीन अवधिका, उच्च-प्रभाव दिने खालका कामहरू पूरा गर्नतर्फ लक्षित उनीहरूको सहयोगका लागि अनुरोध गर्ने देशमा पठाउँछ ।भ्रमणका क्रममा उपनिर्देशक ह्वाइटले हाल नेपालभर कार्यरत स्वयंसेवक र उनीहरूका समकक्षीसँग पनि भेटघाट गर्नुहुनेछ । नेपालमा स्वयंसेवकहरू कृषि, शिक्षा र स्वास्थ्यका क्षेत्रमा स्थानीय रूपमा प्राथमिकताप्राप्त परियोजनामा काम गर्दछन् । समुदायसँग प्रभावकारी रूपमा सञ्चार तथा सहकार्य गर्नका निम्ति उनीहरू नेपाली भाषा र अन्य स्थानीय भाषाहरू सिक्छन् ।

> सपथ ग्रहण गर्न लागेको नयाँ समूहसँगै अब नेपालका आठ जिल्लामा कार्यरत पिस कोर स्वयंसेवकहरुको सङ्ख्या ५० पुग्ने भएको छ ।सन् १९६२ को सेप्टेम्बरमा पिस कोरले नेपालमा पहिलो पटक आफ्नो कार्यसञ्चालन स्थापना गरेको थियो ।

हाल नेपालका सात जिल्लामा ४० जना पिस कोर स्वयंसेवकहरू कार्यरत छन् । उनीहरूले ग्रामीण समुदायका सरकारी विद्यालयमा अङ्ग्रेजी भाषा पढाउने र खाद्य तथा पोषण सुरक्षामा काम गरिरहेका छन् । सपथ ग्रहण गर्न लागेको नयाँ समूहसँगै अब नेपालका आठ जिल्लामा कार्यरत पिस कोर स्वयंसेवकहरूको सङ्ख्या ५० पुग्ने भएको छ ।सन् १९६२ को सेप्टेम्बरमा पिस कोरले नेपालमा पहिलो पटक आफ्नो कार्यसञ्चालन स्थापना गरेको थियो ।

त्यसयता झन्डै चार हजार अमेरिकी नागरिकहरूले नेपालमा विभिन्न क्षेत्र र देशभरि नै काम गरिसकेका छन् ।

विश्वभरिका सरकारहरूको निमन्त्रणामा पिस कोर स्वयंसेवकहरू शिक्षा, स्वास्थ्य, वातावरण, कृषि, सामुदायिक आर्थिक विकास र युवा विकासका क्षेत्रमा स्थानीय रूपमा प्राथमिकताप्राप्त परियोजनाहरूमा समुदायका सदस्यहरूसँग काम गर्दछन् ।सेवाको माध्यमबाट पिस कोर सञ्जालका सदस्यहरूले स्थानान्तरण योग्य सीपका साथै अन्तरसांस्कृतिक क्षमता विकास गर्दछन् ।

यसले उनीहरूलाई अर्को पुस्ताका विश्वव्यापी नेतृत्वकर्ताका रूपमा तयार पार्दछ । सन् १९६१ मा तत्कालीन अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले पिस कोरको स्थापना गरेदेखि दुई लाख ४० हजारभन्दा बढी अमेरिकी नागरिकहरूले विश्वभर १४२ वटा मुलुकमा सेवा गरिसकेका छन् ।रासस

# बेचबिखनमा संलग्नको पहिचान

काठमाण्डु । माइति नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले कोभिड -१९ को बेला श्रीलङ्काबाट उद्धार गरिएका ९० जना पीडित महिलामध्ये एक जनाले बेचबिखनमा संलग्नको नाम खुलाएको बताउनुभएको छ ।



उहाँले ती आरोपित व्यक्तिलाई प्रहरी अनुसन्धानको दायरा ल्याइएको बताउनुभयो । काठमाडौँमा बुधबार मिथिला संस्कृति समाजले राष्ट्रिय नाचघरमा आयोजना गरेको कार्यक्रममा कोइरालाले एक वर्षपछि एक जना पीडितले अपराधमा संलग्नको नाम खुलाएको जानकारी दिनुभएको हो ।

"एकजना पीडितले कसले बेचेको र कसरी श्रीलङ्का पुऱ्याएको नामसहित मुख खोल्नुभएको छ", उहाँले भन्नुभयो, "प्रहरीले यसैको आधारमा दोषीलाई अनुसन्धानको दायरामा ल्याइसकेको छ ।"उहाँले बेचबिखनमा परेका पीडितले सजिलै अपराधीको नाम खुलाउन नमान्ने बताउनुभयो । जसले गर्दा पीडितलाई न्याय दिलाउन गाह्रो हुने गरेको छ । त्यस्तै, पछिल्लो समय देश बाहिर मात्रै होइन्, देशभित्रै छोरीचेलीको किनबेच भइरहेको उहाँले खुलाउनुभयो । मङ्गलबार काठमाडौँको एक 'स्पा' बाट १४ जना किशोरी उद्धार गरिएको उहाँले जानकारी दिनुभयो ।

खासगरी रात्रिकालीन मनोरञ्जन क्षेत्रमा १२ देखि १८ वर्ष सम्मका बालिकाको शारीरिक एवं मानसिक बेचबिखन भइरहेको कोइरालाको भनाइ थियो । "विदेशमा बेचिन त छँदैछ, छोरीहरु देशभित्रै बेचिएका छन्", उहाँले भन्नुभयो, "कसरी रोक्ने हो ? चिन्ताजनकस्थिति छ । न्यायको टर्च बालेर खोज्नुपर्ने स्थिति छ ।"रासस

# भारतीय बजारबाट रासायनिक मल ल्याउन बाध्य

नेपालगञ्ज । मागअनुसारको मल नपाउँदा स्थानीय किसानले भारतीय बजारबाट रासायनिक मल ल्याउन बाध्य भएका छन् । जिल्लाको नरैनापुर, खजुराको सैनिक, रुपैडिहा र डुडुवाको खडैचा नाकाबाट किसानले रासायनिक मल ल्याउन बाध्य भएका हुन् ।

जानकी गाउँपालिकाका किसान राजेश काँदुले मल नपाउँदा भारतीय बजारबाट पनि किसानले मल भित्र्याइएको जानकारी दिनुभयो । सरकारले किसानको मागभन्दा बजेटअनुसार लक्ष्य निर्धारण गरेर मल आयात गर्दा आवश्यकताअनुसार किसानले रासायनिक मल पाउन नसकेको स्थानीय किसानहरुको भनाइ छ । स्थानीय तहको सिफारिसमा सहकारीले मल किसानसम्म पुऱ्याउने गर्छन । कृषि सामग्री केन्द्र लिमिटेड र साल्ट ट्रेडिङ कम्पनीले कृषि सहकारीलाई मल उपलब्ध गराउँछन् । लिमिटेडलाई ७० र ट्रेडिङ कम्पनीलाई ३० प्रतिशत मल सरकारले दिने गरेको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड नेपालगञ्जका शाखा प्रबन्धक पुष्पराज श्रेष्ठले निर्धारित लक्ष्यअनुसार नै रासायनिक मल आउने उल्लेख गर्दै खास गरी मुख्य बाली धान, मकै र गहुँ बालीका लागि मल किसानलाई उपलब्ध गराएको बताउनुभयो । उहाँले बगर खेतीका लागि मल उपलब्ध नहुने जानकारी दिँदै अन्य खेतीका लागि भारतीय बजारबाट पनि मल आउन सक्ने आशङ्का गर्नुभयो । श्रेष्ठ भन्नुभयो, "हामीले प्रदेश सरकारले दिने कोटाअनुसार नै मलको वितरण भएको छ ।"

अहिले जिल्लामा युरिया रासायनिक मल वितरण भएको जानकारी दिँदै डिएपीलगायतका मल एक सातासम्ममा आइपुग्ने श्रेष्ठले उल्लेख गर्नुभयो । कृषि सामग्री कम्पनी लिमिटेडमा हाल छ सय २९ दशमलव चार मेट्रिक टन युरिया, ८८ दशमलव २५० मेट्रिक टन डिएपी र ५८ दशमलव ५५ मेट्रिक टन पोटास मल मौज्दात छ ।

चालु आर्थिक वर्षमा युरियाको वार्षिक बिक्री लक्ष्य छ हजार मेट्रिक टन, डिएपीको वार्षिक लक्ष्य दुई हजार पाँच सय मेट्रिक टन र पोटासको लक्ष्य तीन सय मेट्रिक टन मल रहेको छ । चालु आवदेखि कम्पनीले कृषि चुनको बिक्रीसमेत थालेको छ । माटोको अम्लीयपन घटाउन मद्दत गर्ने उद्देश्यले कृषि चुन बिक्रीका लागि राखिएको हो । कृषि सामग्री कम्पनी लिमिटेडका शाखा प्रबन्धक श्रेष्ठ जिल्लामा चालु आवमा ६३ मेट्रिक टन कृषि चुन बिक्रीको लक्ष्य राखिएको बताउनुहुन्छ ।रासस


## चेक हरायो

चन्द्रपुर नगरपालिका वडा नं ७ नयाँवस्ती वस्ने वर्ष ४३ को राम विनय साह रौनियार को मिति २०८१/०१/२८ गते घरबाट बसन्तपुर जाने क्रममा निजको नाममा NIC ASIA बैंकमा रहेको खाताको चेक नं ५३०६८१९४ खालि चेकमा निजको हस्ताक्षर सहित चेक हराएको हुदाँ सो चेक कसैले फेला पारेमा प्रयोग नगरिदिनु हुन अनुरोध छ । यदि कसैले प्रयोग गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुने समेत जानकारीको लागि अनुरोध छ ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : सुख समृद्धि हुने । |
| बृष | : भ्रमण अवसर हुने । |
| मिथुन | : अवसर प्राप्त । |
| कर्कट | : वाद विवादबाट बच्नु । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : बौद्धिक क्षमता । |
| बृश्चिक | : प्रतिभा सम्पन्नता । |
| धनु | : शिक्षामा उन्नति । |
| मकर | : पारिवाहिक सुख । |
| कुम्भ | : धन वृद्धि सञ्चय । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



टोखा नगरपालिकाले वडा नं ९ स्थित गोगंबुको बिष्णुमती करिडोरमा अतिक्रमण गरेर बनाइका घरटहरालगायतका संरचना बुधबार भत्काउँदै । तस्बिर : *रासस*

# प्रदेशका तीन वटै डिआइजी रौतहटमा

**टुडे समाचारदाता**

गौर । रौतहटमा पटक पटक मूर्ति सेलाउने क्रममा झडप हुँदै आएको रौतहटको इशनाथ नगरपालिका अन्तर्गत घिउरामा गएको २ महिना अगाडि दुबै समुदाय बीच द्वन्द्वले हिंसाको रुप लिए पछि सो घटनालाई समाधान गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका मधेश प्रदेशका प्रहरी प्रमुख यज्ञ बिनोद पोखरेल सो स्थानका जनतालाई धन्यवाद दिन रौतहट पुगेका छन् ।



सरस्वती पूजाको मूर्ति सेलाउने विषयमा सो स्थानका हिन्दू र मुस्लिम समुदायका स्थानीयहरु बीच झडप हुँदा स्थानीय प्रशासनले ४ दिन कर्फ्यु लगाउदा समेत परि स्थिति नियन्त्रणमा नआएपछि मधेश प्रदेशका प्रहरी प्रमुख डिआइजी यज्ञ विनोद पोखरेल आफै घटना स्थलमा उपस्थित भइ दुबै समुदाय बीच लिखित सहमति गराएका थिए ।

रौतहट जिल्लाको प्रहरी प्रमुख भएर पहिले नै काम गरेको अनुभव र स्थानीयहरु संगको मैत्री सम्बन्धका कारण डिआइजी पोखरेललाई दुबै समुदाय बीच सहजीकरण गर्न सहज भएको थियो र सोही क्रममा उनले त्यहाँका दुबै समुदायका जनतालाई समस्या समाधान भएपछि धन्यवाद ज्ञापन गर्न आफै आउने वाचा गरेर फर्केका थिए र सोही वाचा पूरा गर्न बुधबार उनी रौतहट पुगेका थिए ।

रौतहट आएका डिआइजी बुधबारनै दुबै समुदायमा पुगि स्थानीयहरुसंग अन्तरक्रिया समेत गरेका थिए । सो क्रममा स्थानीयले सीमानाकामा रहेको यातायात आवतजावतमा कठिनाइ र मलखाद ल्याउन हुने झंझट बारे गुनासो गरेका छन् । अन्तरक्रिया कार्यक्रमलाई संबोधन गर्ने क्रममा डिआइजी पोखरेलले रौतहटको जनता मात्र होइन रौतहटको माटोले समेत आफूलाई माया गर्ने गरेको बताए । भारत र नेपाल बीच बेटीरोटीको सम्बन्ध रहेकोले घरायसी प्रयोजनको लागि ल्याइने वैधानिक सामग्रीमा दुःख नदिन मातहतका प्रहरी एकाइहरुलाइ आफू निर्देशन दिइ सकेको तर व्यापारिक प्रयोजनका लागि तस्करी गरी ल्याइने सामग्रीलाई कुनै पनि हालतमा छुट दिन नसकिने उनले प्रस्ट पारेका छन् ।

उनी संगै राष्ट्रिय अनुसन्धानका डिआइजी संजय यादव, सशस्त्र प्रहरी बलका डिआइजी दीपेन्द्र साह समेत रौतहट पुगेका थिए ।

# झुल बिनै रात बिताउन बाध्य



**टुडे समाचारदाता**

सिरहा । लामखुट्टेले लहानमा कतिसम्म सताएको छ, त्यसको पीडा यहाँका दलित तथा विपन्न समुदायले भोगेका छन् । बिहान बेलुकाको छाक कसरी टार्ने भन्ने समस्यामा रहेका उनीहरू झुलबिनै रात बिताउन बाध्य छन् ।

चरम गरिबीमा रहेकी लहान नगरपालिका-१५ की दुखी सदाय एकाएक हर्षित भए- कारण थियो नगरपालिकाले उनलाई निःशुल्क प्रदान गरेको झुल । "बिहान-बेलुका छाक टार्ने टुङ्गो छैन, कहाँबाट झुल किन्न सक्नु र हजुर ? दिनभरि ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएकी छु । एक दिन काम नगरे भोकै बस्नुपर्ने हुन्छ", आफ्नो दुःख बिसाउँदै उनले भने ।

सोही वडाकी ललितदेवी सदायले पनि झुल प्राप्त गरेपछि हर्ष प्रकट गर्दै भने-"हामी गरिबका लागि पनि सरकार रहेछ । मेयरसा'बलाई धेरै धन्यवाद ।" गर्मीयाम सुरु भएसँगै लामखुट्टेबाट नगरवासीलाई जोगाउन ललितदेवी, दुखी सदायजस्तै यहाँका दलित तथा विपन्न समुदायका परिवारलाई झुल वितरण अभियान नगरपालिकाले सुरु गरेको छ । वडा नं १५ ढोढ्नाबाट दुई सय ७५ दलित तथा विपन्नलाई झुल वितरण गरिएको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिए ।

'एक घर, एक झुल' अभियान सञ्चालन गरी नगरपालिकाभित्रका गरिब, मजदुर तथा विपन्न परिवारलाई मलेरिया, डेङ्गुलगायत अन्य प्राणघातक रोगबाट बचाउन आफू लागिपरेको नगरप्रमुख चौधरीले बताए । "गर्मी र वर्षात्को मौसम सुरु भएपछि लामखुट्टेको प्रभाज बढेको छ । उनीहरूलाई बिरामी हुनबाट जोगाउन नगरपालिकाको तर्फबाट झुल वितरण गरेका हौं", उनले भने, "एउटा झुल पर्याप्त नभए पनि समुदायमा लामखुट्टेको टोकाइबाट लाग्ने प्राणघातक रोगबाट बच्न झुल लगाउनुपर्छ भन्ने चेतना जागृत हुनेछ । स्थानीयको मागअनुसार नै झुल वितरण गरिएको छ ।"

नगरप्रमुख चौधरीका अनुसार नगरका २४ वटै वडाका गरिब, विपन्न र दलित परिवारलाई पालैपालो झुल वितरण गरिने छ ।

वडा सदस्य तथा नगरपालिका न्यायिक समितिको सदस्य रामकुमारी दासले झुल वितरण अभियानले दलित समुदायका बालबच्चा तथा महिलालाई सुरक्षित राख्न मद्दत पुग्ने बताए ।

# नीति तथा कार्यक्रमले आशा जगाएको छः पर्यटन व्यवसायी

काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत मुलुकको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि पर्यटन क्षेत्रका कार्यक्रमको पुनःबजारीकरण गरिनुका साथै पर्यटकीय पूर्वाधारलाई प्राथमिकता दिने नीति लिएको छ । नेपाललाई प्राथमिक र आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्य लिएको सरकारले यस क्षेत्रलाई पुनःबजारीकरण गरेर बढीभन्दा बढी विदेशी पर्यटकलाई नेपालमा आकर्षण गर्ने उल्लेख गरेकोछ ।

परम्परागत शैलीमा पर्यटन प्रवर्द्धन गरेर विदेशी पर्यटकको संख्या बढाउन नसकिने निष्कर्ष निकाल्दै सरकारले पर्यटनलाई पुनःबजारीकरणको नीति लिएको हो । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मङ्गलबार प्रस्तुत सरकारको आगामी आवको नीति तथा कार्यक्रममा समावेश पर्यटन क्षेत्रका कार्यक्रमको पुनः बजारीकरण, पर्यटकीय गन्तव्यको प्रोफाइल तयार गरी ती गन्तव्यको पहिचान, विकास र प्रवर्द्धन गर्नेलगायतका नयाँ कार्यक्रमले पर्यटन व्यवसायीलाई पनि उत्साहित बनाएको छ । यसले समग्र पर्यटन क्षेत्रमा आशाको सञ्चार जगाएको व्यवसायीको बुझाइ छ ।

"पर्यटन क्षेत्रका कार्यक्रमको पुनः बजारीकरण गर्ने सरकारको नीति निकै सराहनीय छ", होटल सङ्घ नेपाल (हान) का अध्यक्ष विनायक शाहले भन्नुभयो, "नेपालको पर्यटन पुरानै तौरतरिकाले चलिरहेको छ । पर्यटन ऐन नै २०३५ सालको छ । त्यसैले पर्यटनलाई पुनःसंरचना गर्ने नीतिले मौजुदा तौरतरिकाले पर्यटन प्रवर्द्धन नहुने भएकाले नयाँ तवरलै जैजानुपर्नेछ ।"

टाकुरा पर्यटन प्रवर्द्धन नेपालको पर्यटनका निम्ति निकै महत्वपूर्ण रहेको भन्दै अध्यक्ष शाहले धार्मिक सर्किटलगायत विषय पनि राम्रो भएको बताउनुभयो । उहाँले समग्रमा नीति तथा कार्यक्रमले पर्यटनका धेरै कुरा समेटेको भन्दै कार्यान्वयन पक्षमा जोड दिनुपर्ने खाँचो औंल्याउनुभयो । उहाँले भन्नुभयो, "जुन कुरा कार्यक्रममा आएको छ, त्यो कार्यान्वयन गर्नेतर्फ सरकारले ध्यान दिनुपर्छ त्यसमा निजी क्षेत्रको पनि सक्रिय साथ सहयोग रहन्छ ।"



आगामी बजेटमा पर्यटन दशकलगायत छुटेका विषयलाई समेट्नुपर्ने व्यवसायीको जोड छ । सरकारले मुलुकको आर्थिक समृद्धिको महत्वपूर्ण आधारको रुपमा पर्यटन क्षेत्रलाई लिएको छ । ऊर्जा, कृषिपछि पर्यटनलाई अर्थतन्त्रको आधार मानिएको छ । यस हिसाबले पनि पर्यटन क्षेत्रको विकास र प्रभावकारी प्रवर्द्धनका लागि रणनीतिक कार्यक्रम र बजेट आउन जरुरी भएको अध्यक्ष शाहको भनाइ छ ।नेपालमा विगतका तुलनामा पर्यटक आगमनमा उल्लेख्य वृद्धि भएको छ । प्रतिपर्यटक औसत खर्चमा बढोत्तरी भएको छ । नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

यससँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ । अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ । कोरोना महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । सन् २०२४ मा विदेशी पर्यटक आगमन निरन्तर बढिरहेका छन् । पछिल्लो अप्रिल महिनामा मात्रै एक लाख ११ हजार तीन सय ७८ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन् ।

बोर्डका निर्देशक मणिराज लामिछानेले पर्वतारोहण अनुमति प्रणालीलाई स्वचालित बनाइने, पर्यटक उद्धार केन्द्रसहित पर्यटकीय पूर्वाधारको निर्माण तथा विकास गरिनेजस्ता विषयलाई नीति तथा कार्यक्रममा समेटिनु सकारात्मक रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "पर्यटनका जति पनि विषय आएका छन् ती राम्रा छन् छुटेका विषयलाई पनि आगामी बजेटमा सम्बोधन गर्नुपर्छ ।"

"संरचना सहज पहुँचको व्यवस्था गरी नेपाललाई गन्तव्यका रूपमा विकास गरिनेछ । पर्यटकीय सम्भावना भएका पहाडी भू-भागमा स्थानीय स्रोतसाधनको प्रयोग तथा रोजगारी सिर्जना हुने गरी तीनै तह र निजी क्षेत्रको समन्वयमा टाकुरा पर्यटकीय गन्तव्यको विकास गरिनेछ", नीति तथा कार्यक्रममा भनिएको छ । ग्रेट हिमालयन ट्रेललगायतका पर्यटकीय पदमार्ग पूर्वाधार निर्माणलाई तीव्रता दिइने उल्लेख छ ।

पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटाले समग्रमा नीति तथा कार्यक्रममा पर्यटनका विषय राम्रा रहे पनि कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइनुपर्ने खाँचो औंल्याउनुभयो । "पर्यटक आगमनमा सुधार आएको छ, पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्ने नीति छ, तर, पर्यटन प्रवर्द्धनका विषय आएको छैन आगामी बजेटमा समेटिनुपर्छ ।उहाँले विगतमा नीति तथा कार्यक्रममा राम्रा कार्यक्रम पर्ने गरे पनि बजेटमा नसमेटिने गरेको दृष्टान्त प्रस्तुत गर्दै पर्यटन व्यवसायलाई सहजीकरण र पर्यटकले सहजरुपमा नेपाल आएर निर्वाधरुपमा भ्रमण गर्न पाउने व्यवस्थाप्रति सरोकारवाला निकायको ध्यान जान जरुरी भएको बताउनुभयो ।

हलिउड तथा बलिउडलगायतका अन्तर ाष्ट्रिय चलचित्र निर्मातालाई नेपालमा चलचित्र छायाङ्कनका लागि आकर्षित गरी चलचित्र पर्यटन प्रवर्द्धन गरिने जनाइएको छ । पर्वतारोहण अनुमति प्रणालीलाई स्वचालित बनाइने छ । पर्यटक उद्धार केन्द्रसहित पर्यटकीय पूर्वाधारको निर्माण तथा विकास गरिने नीति तथा कार्यक्रममा समेटिएको छ ।

ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान) का अध्यक्ष नीलहरि बास्तोलाले नीति तथा कार्यक्रममा पर्यटनका सबै विषय नआएको भन्दै आगामी बजेटमा छुटेका विषय समावेश हुने विश्वास व्यक्त गर्नुभयो । "समग्रमा पर्यटनका विषय राम्रा छन् तर पनि कतिपय कार्यक्रम छुटेका छन् आगामी बजेटमा ती विषय समेटिनुपर्छ", उहाँले भन्नुभयो ।पदयात्रा र पर्वतारोहण तथा कृषि, जलयात्रालगायत पर्यटनका विधालाई समेटिनुपर्नेमा अध्यक्ष बास्तोलाको जोड छ । दुई अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने, ती विमानस्थल सञ्चालनका लागि विशेष प्रोत्साहन प्याकेजको व्यवस्था गर्ने सरकारको नीति उपयुक्त रहेको व्यवसायीको प्रतिक्रिया छ ।

मुलुकको हवाई नीति र कानुनमा समय सामयिक सुधार गर्ने, हवाई सेवालाई थप सुरक्षित, सुलभ र पहुँचयोग्य बनाउने नीति लिएको सरकारले आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने भएको छ । नेपाली वायुसेवा कम्पनीको अन्तर्राष्ट्रिय बजार विस्तार गरिने नीति तथा कार्यक्रममा भनिएको छ ।सांस्कृतिक तथा धार्मिकस्थलको पर्यटकीय विकासका लागि संस्थागत व्यवस्था गर्ने, बुद्ध परिपथ, विश परिपथ, रामायण परिपथ, किराँत सांस्कृतिक परिपथको मार्ग निर्धारण गरी पर्यटन प्रवर्द्धन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ ।रासस

# प्रतिकूल मौसमले सगरमाथा आरोहण प्रभावित

काठमाण्डु । प्रतिकूल मौसमका कारण दुई दिनदेखि सगरमाथा आरोहण अवरुद्ध भएको छ । पर्यटन विभागका निर्देशक राकेश गुरुङका अनुसार सगरमाथाको चौथो शिविरभन्दा माथितिरको प्रतिकूल मौसमको कारण हिजो मङ्गलबार र बुधबार कुनै पनि टोलीको आरोहण नभएको सगरमाथा आधार शिविरमा रहेको विभागको फिल्ड कार्यालयले जानकारी गराएको छ ।

सगरमाथा आरोहणका क्रममा हराइरहेका दुई जना मङ्गोलियन आरोहीको खोज तथा उद्धारका लागि 'एटके एक्सपिडिसन' प्रालिमार्फत दुई शेर्पा खटाइए पनि मौसमी प्रतिकूलताका कारण चौथो शिविरमै रोकिएको र उद्धारका लागि थप दुई जना शेर्पा हाल तेस्रो शिविर पुगेको जनाइएको छ । पर्यटन विभागको पर्वतारोहण शाखाका अनुसार वसन्त ऋतुको जारी आरोहणमा गत वैशाख ३१ गते बिहान ८:४५ बजे सगरमाथाको चुचुरोतर्फ लागेका मङ्गोलिन नागरिक ५३ वर्षीय युखजर्गल सिडेनडम्बा र ३१ वर्षीय प्योरभिस्नन खाग्बाजाभ सम्पर्कविहीन भएको विभागले जनाएको छ ।

गत वैशाख २८ गतेदेखि सुरु भएको वसन्त ऋतुको जारी आरोहणमा हालसम्म ७० भन्दा बढी आरोहीले सगरमाथा आरोहण गरिसकेका छन् । कामीरिता शेर्पाले वैशाख २९औं पटक सगरमाथा आरोहण गरेर यसअघि धेरै पटक सगरमाथाको सफल आरोहण गर्ने आफ्नै नाममा रहेको कीर्तिमान तोड्नुभएको छ । विभागको पर्वतारोहण शाखाका अनुसार यस याममा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र तीनसय ३९ पुरुषसहित चार सय १४ जनाले अनुमति लिएका छन् ।रासस

# भारतको पारुल र डिआइटी युनभरसिटीमा नेपालीलाई पचास प्रतिसत स्कोलरसिप

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको दुई युनभरसिटीले नेपाली विद्यार्थीलाई पचास प्रतिसत स्कोलरसिप दिने घोषणा गरेको छ ।

भारतको गुजरात स्थित प्रसिद्ध पारुल युनभरसिटी र देहरादुन स्थित डिआइटी युनभर सिटीले नेपाली विद्यार्थीहरुलाई विभिन्न विषयको पढाईमा पचास प्रतिसत स्कोलरसीपको घोषणा गरेको हो ।

पारुल युनभरसिटीका असिस्टेन्ट मेनेजर निरज साहले बुधबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै पारुल युनभरसिटीमा दुइसय पचास भन्दा बढि विषयको पढाई भइरहेको र सबैमा नेपाली विद्यार्थीहरुका लागि पचास प्रतिसत स्कोलरसिप रहेको बताए ।

नेपाली विद्यार्थीलाई पढाईका साथै ट्रेनिङ पनि दिइने भएकोले रोजगारका लागि कुनै समस्या नरहेको बताउदै पारुलमा अहिले नेपालको तीन हजार विद्यार्थी अध्यनरत रहेको जानकारि दिए ।




त्यसैगरि देहरादुनको डिआइटीले समेत विद्यार्थीहरुलाई पचास प्रतिसत स्कोलरसिपको व्यवस्था रहेको जानकारि दिदै अहिले उक्त युनरभरसिटीमा ६ सय भन्दा बढि नेपाली विद्यार्थी अध्यनरत रहेको बताए ।

पारुलमै मात्र विश्वको ७३ देशका विद्यार्थी अध्यनरत रहेको तथा डिआइटीमा १४ देशका विद्यार्थी अध्यनरत रहेको उनले बताए ।

नेपाली विद्यार्थीहरुको मध्यनजर गर्दै पारुलमा एचएको शिक्षा पनि सुरु गरिएको र नेपाल भन्दा सस्तो शुल्क रहेको बताउदै मेनेजर साहले शुल्कमा एकैचोटी लोड हुने समस्याबाट उन्मुक्ति दिने ६ महिना र एक वर्षे लागु गरिएको तथा परिक्षाको समयमा शुल्क तिर्न असमर्थ रहे परिक्षाबाट वंचित नगरिने समेत बताए ।

जुलाई देखि सुरुवात हुने सेसनको लागि इन्जिनियर बन्न चाहने विद्यार्थीहरुका लागि निकै नै कम शुल्कमा शिक्षा र होस्टेलको व्यवस्था रहेको जनकपुरधाम स्थित केरियर ड्रिम एजुकेसन कन्सलटेन्सीका संचालकले जानकारि दिए ।

**बलवा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बलवा, महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

**एम्बुलेन्स खरिदको लागि सुचिकृत हुने सम्बन्धि सूचना**


प्रथम पटक प्रकशित मितिः २०८१/०२/०३

यस कार्यालयको प्रयोजनको लागि सुविधा सहितको एम्बुलेन्स खरिद गर्नुपर्ने भएकोले खरिद प्रक्रियामा सामेल हुन चाहने इच्छुक उत्पादक वा अधिकृत बिक्रेताहरुले तपसिलमा उल्लेख कागजात संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ मा व्यवस्था भए अनुसार २ को ढाँचामा निवेदन दिई सूचिकृत हुनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना र जानकारीको लागि यस न.पा.को सूचना पाटीमा सूचना हेर्न र न.पा. मा सम्पर्क गर्न सकिने छ ।

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. सवारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्रि गर्न नेपाल सरकारको आधिकारिक निकायबाट प्राप्त इजाजत पत्र आ.व. २०७९/८० को नवीकरण सहित ।
२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र ।
३. आ.व. २०७९/८० को कर चुक्ता प्रमाण पत्र ।
४. एम्बुलेन्स/सवारीसाधनको Updated अनुसार (क्याटलग) ।
५. एम्बुलेन्स/सवारीसाधन सप्लाई कार्यको अनुभवको प्रमाण पत्र ।

**प्रमुख प्रशासकिय अधिकृत**




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### संसद चलाउ

लोकतन्त्रमा सत्तामा सरकार र संसदमा प्रतिपक्षको भूमिका महत्वपूर्ण हुन्छ । सकारात्मक कार्यका लागि प्रमुख प्रतिपक्षले सरकारलाई रचनात्मक सहयोग गर्नुपर्छ । संसदलाई व्यवस्थित र मर्यादित रुपमा लोकतान्त्रिक विधि अनुसार सञ्चालन गर्न सरकार सकारात्मक रहनु पर्छ। संसद चलाउने जिम्मेवारी सरकारकै हो। सरकारलाई घेर्न विपक्षी दलहरुको सुरक्षित स्थल नै संसद हो । संसदबाट हरेक समस्याको निकास निकाल्न सकिन्छ। त्यहाँ हार र जित भन्दा सबैको जितलाई प्राथमिकता दिइन्छ। संसद देशको सार्वभौम र स्वतन्त्र लोकतान्त्रिक मन्दिर हो । जनताबाट निर्वाचित भएकाहरुको मात्र भूमिका सक्रिय र निर्णायक भूमिका रहने संसदले सम्पूर्ण नेपालीको प्रतिनिधित्व गर्छ। संसदलाई समस्यामा पार्नु हुँदैन्। संसदबाट निकास खोज्नु पर्छ। त्यसका लागि सरकार र प्रतिपक्ष दुबै उदार हुनुपर्छ। संसदमा राजनीतिक इर्ष्या द्वेषलाई धेरै हदसम्म छिर्न दिनु हुँदैन् । वैचारिक, सैद्धान्तिक अडान दलहरुले राख्नु अस्वभाविक होइन् । तर केन्द्रमा बृहत्त राष्ट्रियहितलाई राख्नु पर्छ । राष्ट्र र राष्ट्रियताको सबालमा एकजुट हुने गरेका दलहरु संसद चलाउन पनि सहमतिमा पुग्नु पर्छ । पछिल्लो केही समयदेखि संसद अबरुद्ध हुँदै आएको छ । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सहकारी संस्थाहरुमा भएको अर्बौं रुपैयाँ अपचलनको संसदीय छानबिन समिति गठन गर्नुपर्ने मागमा अडिग छ। संसदीय छानबिन समितिले उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने मुछिएकाले उनको नाम समेत किटान हुनुपर्ने माग गरेको छ । तर सत्तारुढ दलहरु माओवादी केन्द्र, नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)त्यस पक्षमा छैन् । रास्वपाका अध्यक्ष समेत रहेका लामिछानेले पहिले आफू संसदमा आफ्ना भनाई राख्ने र त्यसपछि मात्र छानविनको विषयमा छलफल गर्ने अडान लिएका छन्। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड छानविन समिति गठनप्रति केही सकारात्मक देखिए पनि एमाले अध्यक्ष केपी शर्मा ओली कुनै हालतमा छानबिन समिति गठन नहुने अडानमा कायम छन् । यस कारण संसद चल्न सकेको छैन् । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम वाचन गरेपछि संसदको दुवै सदनले पारित गर्नुपर्ने धन्यवाद प्रस्ताव टेबुल समेत हुन सकेन् । कांग्रेस आक्रामक रुपमा संसदमा विपक्षीको भूमिका देखिएको छ । सरकारले संसद खोलाउन गरेको प्रयास सार्थक हुन सकेको छैन् । तर समस्या समाधानको थलो पनि संसद नै हो । सबै दलका शीर्ष नेताहरु बसेर संसदलाई नियमित रुपमा सञ्चालन गर्न सहमतिमा आउनु पर्छ। संसदमा विपक्षीको मागलाई प्राथमिकता दिनुपर्छ।

# श्रीजानकी जयन्ती जनकपुरधाम



प्रफुल्ल घिमिरे

यसपटक चार गतेका दिन बैशाख शुक्ल नवमी पर्न गएको छ। यस बैशाख शुक्ल नवमी दिन नै महामाया महालक्ष्मी जगत जननी माता सीताको रुपमा मिथिलाको धर्तीबाट प्रकट भएकी हुन भन्ने पौराणिक धार्मिक मान्यता रहि आएको छ । माता सीता प्रकट भएको यस बैशाख शुक्ल नवमिको तिथिलाई सीता नवमी, जानकी नवमी भनेर सम्बोधन गर्ने गरिन्छ। जानकी नवमीका दिन सनातन हिन्दु धर्मावलम्बीहरु धुमधामका साथ श्री जानकीजिको प्रकाटोत्सव मनाउने गर्छन ।

यस दिन व्रत बसेर भगवान " जय सिताराम" को मन्त्र जप, विशेष पुजा अनुष्ठान , भजन किर्तन , रामायण पाठ लगायत अन्य धार्मिक कार्यक्रमहरु हिन्दू धर्मावलम्बीहरु गर्ने गर्छन्। जानकी नवमिका दिन जानकिजिको व्रत बसि कतिपयले घरमा नै विषेश पुजा अनुष्ठान विधि पुर्वक गर्छन भने कतिपयले रामजानकीको मठ मन्दिरमा गएर गर्ने गर्छन्। धार्मिक मान्यता छ कि जसले यस दिन व्रत राखेर बिधि बिधानले सितारामको पूजा गर्दछन उसले पृथ्वी दानको फल , सोलह दानको फल तथा सबै तीर्थहरुको दर्शनको फल प्राप्त गर्दछ। यस दिन व्रत गर्नुको विशेष महत्व रहेको छ।

यो व्रत गर्ने महिलाहरु शिल स्वाभाव , मातृत्व , त्याग र समर्पण जस्ता गुणहरुले भरिपुर्ण बन्न पुग्छन् । कन्याहरुले योग्य वर प्राप्त गर्दछन्। भगवान श्रीराम र जानकीको एक साथ पूजा गर्नाले वैवाहिक जीवनमा सुख-शान्ति छाउदँछ। संतान सुख प्राप्ति हुन्छ। माता आदि शक्ति जानकीले भक्तिभावद्वारा गरिएको पूजा अर्चनालाई स्वीकार गर्दैआफ्ना शरणमा आएका सबै भक्तजनको संकट हर्दै मनोकाँक्षित फल दिन्छिन भन्ने धार्मिक आस्था विश्वास रहिआएको छ।

हुन त प्रत्येक वर्ष चैत्र महीनाको शुक्ल पक्षको नवमी तिथिका दिन भगवान श्रीरामको जन्मोत्सव मनाउने गरिन्छ भने ठिक यसको एक महिना पछी बैशाख शुक्ल नवमीका दिन श्री जानकी नवमी मनाउने गरिन्छ।

केही समय पूर्व सम्म मिथिलाको राजकुमारी सीताको जन्मोत्सव मिथिला क्षेत्रका राजधानी जनकपुर धाम मिथिला नगरीमा रहेका प्रत्येक मठ-मन्दिर तथा घर घरमा श्रद्धा भक्तिका साथ धुमधामले हर्षोउल्लासले मनाउने गरिन्थ्यो । प्रत्येक मठ-मन्दिरमा , तथा यहाँ बसोबास गर्नेहरुको घर-घरमा विषेश पुजा अनुष्ठानहरु हुने गर्थ्यो। प्रत्येक मठ-मन्दिरहरु रंग रोगनले रंगिएका हुन्थे । फुल माला, बिजुली बत्तिहरुले सज्जिएका हुन्थे । प्रत्येकका घर आँगनहरु लिप पोत गरेर स्वच्छ पवित्र पारिएका हुन्थे। घर, आंगन, दैलोहरु सजाइने गरिन्थ्यो। प्रवेशद्वार हरुमा कलशहरु सिंगारिएर राखिएका हुन्थे। घर घरमा, मठ मन्दिरमा दियावत्ती बालिन्थ्यो। प्रत्येक मठ मन्दिर हरुबाट बाजागाजा ,ध्वजा पताका,घण्टी घण्टाका साथ रामजानकीजिलाई नगरमा रथ यात्रा गराइन्थ्यो। "जय सियाराम जय जय सियाराम" को ध्वनिले जनकपुर धाम नै गुञ्जमान हुन्थ्यो। महिलाहरु बधाई गान गाइरहेका हुन्थे । जनकपुर धाम नै आनन्दले विभोर हुने गर्थ्यो । यहाँका प्रत्येक व्यक्ति हर्षोउल्लासको आनन्ददायक वातावरणमा रमाएको हुन्थे ।

महामाया महालक्ष्मीले सम्पुर्ण बैकुण्ठ धाम लाई नै मिथिला भुभागमा रुपान्तरण गरेर यस पवित्र भुमिमा प्रकट भएको दिनको खुशियालिमा भक्ति भावका तरंगमा भक्तजनहरु रमाउन गर्थे । सीताको नाउँबाट सुशोभित हुन पुगेकि मिथिलाका राजकुमारि आदि शक्ति जगत जननी महालक्ष्मी यहीँ भुमिमा खेलेकी, कुदेकी, हुर्केकी, बढेकी हुन। यहाँको कण कणमा यिनको स्पर्श छ। यहाँका प्रत्येक कण कण चन्दन झैं पवित्र छ। विश्वका सनातन हिन्दु धर्मावलम्बीहरुको पूजनिय पुण्य भूमि यो बन्दनिय रहेको छ। तिर्थाटनकालागी आएका बेला यस मिथिला क्षेत्रका पवित्र माटोलाई लगेर आफ्नो घरको कुल पूजा घरमा राखेर भक्तजनहरु पुज्ने गर्दछन। चन्दन लगाउने गर्दछ्न। शक्ति पिठ, तान्त्रिक पिठ, साधना स्थल, तपोभूमिका रुपमा रहेको यस ज्ञानभूमि पवित्र धर्तिमा सिद्ध महात्मा , ऋृषिमूनी , महापुरुषहरु आ-आफ्ना आश्रम कुटि बनाएर भक्ती भाव, पुजा-पाठ अनुष्ठानमा लिन रहन्थे। आहिलेका मठ-मन्दिरका मठाधिश भनाउदा ढोंगी साधु-सन्त झैं मठ मन्दिरका श्री सम्पत्ति बेच-बिखन गर्ने तथा दुनियाँदारीसंग , लाभ-हानी, बेइमानी सैतानीसंग उनिहरुको कुनै सरोकार हुन्नथ्यो । तिर्थाटन गर्न आएका धर्म अनुरागिहरुले जग्गा जमिन प्रदान गर्दा पनि सकभर लिन्न थें। लिनुपर्ने नै भएमा आफ्ना नाउँमा नलिएर भगवान कै नाउँमा दिन लगाउथें। परापुर्व समयमा सिद्ध महात्माहरुको बावन कुटि आश्रमहरु थिए। बहत्तर वटा धार्मिक तलाउहरु , भगवानका नाउँका फुल-फुलवारी, बन-बगैंचाहरु थिए। तलाउका वरिपरि र नदिका किनारमा रहेका स-साना मठमन्दिरहरुमा भक्तिभावमा यी महात्माहरु ध्यानमा लिन हुने गर्थे । तलाउमा स्नान गर्थे । आफ्नैं फुल-फुलावारिका फुलहरु, आफ्नै बगैंचाका फल-फुलहरु, आफ्नै खेतमा उब्जेका अनाज लगायत अन्य बालिद्वरा भगवानको भोगराग, पुजापाठ गर्ने गर्थे ।भण्डारा चलाउथे। साधु -सन्त, धर्मावलम्बीहरु लगायत अन्यले पनि प्रसाद ग्रहण गर्ने अवसर प्राप्त गर्दथे।

यसरि अपराम्पार महिमा गरिमा रहेको पूण्य भूमिको जो अस्तित्वमा छन त्यो पनि स्वच्छताको पर्खाईमा छ्न। जो स्वच्छ धार्मिक तलाउहरु छन तिनमा पनि गुठी संस्थान तथा मठाधिशहरुले निषेधित रहेको "माछा पालन" मा ठेक्का लगाइ दिएका छन। माछा बिक्री भएर आएका रकमहरु मठाधिशहरुले भगवानको नाउँमा लिइरहेका छ्न। तर भगवानका नाउमा रहेका फुल-फुलवारी, बन-बगैचाहरु नापी शाखाको फिल्ड बुकमा मात्र देख्न सकिन्छ । यति हुँदा हुदै पनि हामी जनकपुर धाम बासी मौन छौ। विकासका नाउमा हाम्रा मौलिक मुल्य मान्यता , धर्म संस्कृति , चाड पर्व, रिति रिवाजहरुलाई छाडदै पौराणिक अनमोल धार्मिक सांस्कृतिक सम्पदाहारुलाई क्षणिक लोभमा परेर बिनाश गर्न तर्फ उन्मुख भएका छौ। "कस्तुरी मिर्गले कस्तुरीको खोजिमा भौतारिए झैं" हामी जनकपुर धाम वासी भौतारिरहेका छौ।

अनेकौं पौराणिक , पुरातात्त्विक महत्त्व ओगटेको प्राचीन एतिहासिक मठ मन्दिरहरु जनकपुर धाममा रहेता पनि थुप्रै नयाँ मन्दिरहरु पनी निर्माण हुँदै गैरहेका छन । पुराना कतिपय मठ मन्दिरहरु सिद्धिसकेका छन भने कतिपय सिद्धिने क्रममा क्रमबद्ध रहेका छ्न । अस्तित्वमा रहेका प्रख्यात मठ मन्दिरहरुले लोक लज्जाकालागी भए पनि कर्म काण्डी बिधिकालागि चाड पर्व धर्म सँस्कृती पुजा पाठ गर्ने गरेका छ्न। भगवानको नाउँमा रहेका सयौं बिघा जग्गा जमिन सिद्धाइ सकेका मठ मन्दिरका मठाधिशहरुले चाड पर्व पूजा पाठ अनुष्ठान गर्न चन्दा उठाउनु पर्ने अवस्थाको सृजना भएको छ। कतिपय मठ मन्दिरहरुका नाउँ समेत कतिपयलाई थाहा छैन होला । यस्ता मठ मन्दिरमा गएर हेर्ने हो भने भगवानको श्रीगांर त के गर्नु पुजा पाठ भोग राग समेत गरेको पाइदैन ।



प्रसिद्धिसँगै सिद्ध शक्ति पिठमा बिस्तारै क्रमबद्ध रुपमा यहाँ विभिन्न जातिय, निजि कुटिहरु पनि गूठीको रुपमा स्थापना हुन थाल्यो । धर्मावलम्बीहरुले मोक्ष प्राप्तिका लागि तथा मठ मन्दिरमा सदा पुजा पाठ , भोग राग, चाड पर्व , साधु सन्तका भण्डाराकालागि जग्गा जमिन प्रदान गर्न थाले। यहीँ क्रममा मिथिला नगरीका प्रत्येक ठाउँमा मठै-मठ, मन्दिरहरु स्थापित हुदै गए। तलाउ नै तलाउको शहरको रुपमा प्रख्यात रहेको जनककपुर धाम मठै-मठ मन्दिरै-मन्दिरको शहर भनेर अर्को नाउँबाट पनि विभुषित हुन पुग्यो।

धार्मिक शास्त्रहरुले समेत महिमा गरिमा गाएको पौराणिककालका ऋषि-मूनिहरुका समेत आश्रमहरु रहेका यस धर्तीलाई यसरी सिद्ध साधु-सन्त महात्माहरुले पुनः स्थापित गरेका हुन । हाम्रा पुर्वजहरुले पनि पुजेका , बन्दना गरेका विश्वका सनातन धर्मावलम्बी हिन्दुहरुको आस्थाका धरोहर पवित्र ,स्वच्छ धार्मिक तिर्थस्थल संरक्षण सम्बर्द्धन गर्दै धार्मिक चाड पर्व, संस्कृतिलाई कायम राख्दै हामिलाइ हस्तान्तरण गरेर गए।

तर हामीले यस अमूल्य धरोहरको महिमा गरिमा बुझ्न नसक्दा यो धर्तिका अमूल्य सम्पदा मठ मन्दिरहरु, तलाउहरु द्रुतगतिमा नासिने क्रम जारी छ। पैंतालीस छियालिस वटा मठ मन्दिरहरु लोप भइसकेका छन। प्राचीन भगवानका मुर्तिहरुलाई बेपत्ता पारिएका छ्न। कतिपय धार्मिक तलाउहरु समेत लोप गरिएका छ्न । बाँचेकाहरु पनी पुर्ण रुपमा अतिक्रमणका लपेटामा लपेटिएका छन ।

बैशाख शुक्ल नवमी मिथिला वासिको गौरवको दिन हो। प्रभू भगवान रामको प्राण पृया, सर्वमंगलदायिनी , पतिव्रताहरुको शिरोमणि जगत जननी आदि शक्ति जानकीजिको प्रकाटोत्सव । झन यस अवसरमा जग्गा जमीन खोरलप्प बेचेर खाइ सकेका जनकपुर धामका यस्ता मठ मन्दिरहरुमा सीता जयन्तीको शुभ अवसरमा विषेश पुजा अनुष्ठान झन के होला र ?

जनकपुर धामका मठ मन्दिरहरुको शुचि हेर्ने हो भने लामै बन्न पुग्छ। त्यस सुचिमा महत्वपूर्ण प्रख्यात रहेका जानकी मन्दिर , राम मन्दिर , लक्ष्मण मन्दिर ,राज देवि मन्दिर, रत्न सागर मन्दिर, ज्ञानकूप एइधापिठ, रामजानकी मन्दिर (रानी पाटी),लक्ष्मी नारायण मन्दिर (तोताद्री मठ), हनुमान मन्दिर (हनुमान गढी मठ ) , कुपेश्वर्नाथ मन्दिर , जनक मन्दिर , रामानन्द आश्रम (दुलहा -दुल्हिन मन्दिर ), दशरथ मन्दिर , कपिलेलेश्वर नाथ मन्दिर रहेका छन। गिरनारी कुटि सन्यास आश्रम (श्री महाकालेश्वर गौरिशंकर महादेव मन्दिर), को अवस्था हेर्ने हो भने दयनीय अवस्थाबाट गुज्रिरहेको छ। चाड पर्व मनाउन पनि अन्यत्रबाट चन्दा उठाउनु पर्ने अवस्थाको सृजना भएको छ। यी बाहेकका तल उल्लेख कतिपय प्राचीन मठ मन्दिर हरुलाई ध्वस्त गर्दै मन्दिरमा अवस्थित प्राचीन मुर्तिहरुलाई समेत बेपत्ता पारेर व्यक्तिहरुले भवन निर्माण गरेका छन भने कतिपय मठ मन्दिरको नाउँमा रहेका श्रीसम्पतिलाई सखाप पारेर पुजाआजा चाड पर्व समेत मनाउन नसक्ने अवस्थाबाट गुजरिरहेका छन। यस मध्येका श्री सम्पत्तिहरु केही मात्रामा भएपनि जोगाएकाहरुले परम्परा देखि चलिआएको चाड पर्व रितिरिवाज, धर्म संस्कृतिलाई जेनतेनले लोकलज्जाकालागी भएपनि मनाउने गरेका छ्न । केहि मठ मन्दिरहरुले कलश यात्रा ,रथ यात्रा ,बधाई कार्यक्रम , लगायत धार्मिक कार्यक्रमहरु गर्न थालेका छ्न ।

तल उल्लेख कतिपय मठ मन्दिरहरुमा जानकी जन्मोत्सव विशेष रूपमा मनाउने प्रयास गरिदैछन भने कतिपय मठ मन्दिरमा भोग रागकोलागी पनि धौ धौ परेको अवस्था सृजना भएको छ।

सीता जयन्तीका यस शुभ अवसरमा यी मठ मन्दिर, कुटिहरुमा दर्शन गर्न पुगेमा मन्दिरका सबै कुरा छर्लङ्ग हुन्छ।

विहार कुण्ड क्षेत्रमा अवस्थित श्री विजय राघव कुञ्ज, श्री युगल बिनोद कुञ्ज, श्री शृगांर कुञ्ज, श्री परौल कुटि, श्री लक्ष्मण शरण कुटि, श्री राम बिहारी कुञ्ज, श्री सिया रघुनाथ सदन , श्री सीता बिहारी कुञ्ज, श्री चारुशिला कुञ्ज, श्री जानकी या रघुवर कुञ्ज, शी युगल जोडि कुटि, श्री राम जानकी कुञ्ज, श्री जानकी विहार् भवन (वनिया कुटि) रहेका छन।

अग्नि कुण्ड क्षेत्रमा श्री युगल किशोर कुञ्ज, श्री झुलन कुञ्ज, श्री सुन्दर सदन , श्री राम लला निवास , श्री रामाधिन शरण कुटि, श्री अग्नि कुण्ड बडा स्थान, श्री ज्ञानकूप कुटि रहेका छन।

मध्यमा सर क्षेत्रमा श्री कालमोचन हनुमान मन्दिर, श्री राम किशोर कुञ्ज, श्री खाँकी आखाडा कुटि छन। रत्न सागर क्षेत्रमा श्री रत्न सागर मन्दिर , श्री बेरई कुटि, श्री उत्तरवारि कुटि , श्री बिडरम कुटि, श्री पिपरा कुटि रहेका छन। पवित्र नदि दूधमती क्षेत्रमा श्री वैदेही रसिक प्रिय कुञ्ज ( परशुरामको दुर्लभ मूर्ति रहेको ), श्री विमला विहारी कुञ्ज छ्न। रानिपाटी क्षेत्रमा श्री दक्षिणवारि कुटि, श्री रसिक निवास, श्री सीता कुञ्ज, श्री पुसा कुटि, श्री धानुक कुटि, श्री मधुकर कुटि, श्री राममुकुट शरण कुटि, श्री कुर्था कुटि, श्री तपसी कुटि, श्री शत्रुधन भवन , श्री शृगांर कुञ्ज, श्री राघवेन्द्र कुञ्ज, श्री भेडिहर कुटि, श्री राम किंकर शरण कुटि, श्री राम चरित्र दास रामयणी कुटि, श्री हनुमत दरबार, श्री मिथिला प्रमोद भवन, श्री रघुविर शरण कुटि, श्री बिमला शरण कुटि, श्री रत्न भवन , श्री रघुनाथ दास कुटि, श्री निम्बार्कि आश्रम, श्री साकेत भवन, श्री दोनवार कुटि, श्री रेवासी कुटि, श्री युगल किशोर कुञ्ज, श्री चन्द्र कला कुन्ज छ्न।

जनकपुर धाम वडा न.८ मा श्री राम जानकी अमात कुटि, श्री तपसी कुटि, श्री संत तुल्सी स्मारक भवन, श्री संकट मोचन मन्दिर छन । रुक्मिणी सर क्षेत्रमा श्री रुक्मिणी सर कुटि, श्री राम जानकी मन्दिर , श्री सीताराम शरण कुटि रहेका छन। महाराज सागर क्षेत्रमा श्री मणिराज दास कुटि, श्री स्वर्णमण्डप स्थान , श्री केशव कुटि, श्री राम बिहारी दास कुटि, श्री कुम्हार कुटि, श्री बिन कुटि, श्री मुसहर कुटि, श्री सुडि कुटि, श्री कलवार कुटि, श्री कथबनिया कुटि, श्री कोचरी कुटि, श्री लतहरवा कुटि, श्री सोनार कुटि, श्री मधुबनी कुटि, श्री हनुमान टेकरी स्थान अवस्थित छन। अंगराजसर क्षेत्रमा पञ्च मुखी हनुमान कुटि, श्री रामजानकी कुटि छन। गंगा सागर र धनुष सागर क्षेत्रमा

श्री गंगा सागर कुटि, श्री रामजानकी कुटि, श्री बरही कुटि, श्री खाकचौक सनकादी मन्दिर, श्री कुशवाह कुटि अवस्थित छन।

पाकवती सर क्षेत्रमा श्री खतवे कुटि , श्री सोनार कुटि, श्री थारु कुटी, श्री मौनी बाबा कुटि अवस्थित छन। श्री विषहरा सर क्षेत्रमा श्री रामजानकी कुटि, श्री वेलदार चौभान कुटि, श्री गोपाल सेवा समिति , श्री ठाकुर कुटि , श्री मण्डल कुटि, श्री सोनार कुटि, श्री महापात्र कुटि छ्न। राम सर क्षेत्रमा श्रीराम जानकी नोनिया कुटि अवस्थित रहेको छ। यी वाहेक पनि जनकपुर धाममा अन्य थुप्रै मठ-मन्दिर, कुटिहरु रहेका छ्न ।

हेरौ यसपटकको श्रीजानकी नवमिको शुभ अवसरमा प्रत्येक मठ मन्दिर , कुटिहरुमा विषेश पुजा अनुष्ठान लगायत अन्य धार्मिक कार्यक्रम गर्न गराउन मठाधिशहरुलाई माता श्रीजानकिजिले सद्धबुद्धि प्रदान गर्छिन कि! श्री जानकी माताले सबैको कल्याण गरुन् । अन्तमा : श्रीजानकी नवमिको शुभ अवसरमा यो लेख पढनु हुने पाठक बृन्द सबैलाई हार्दिक मंगल मय शुभकामना । अस्तुः

# कर्णालीवासीको आयु बढेकै हो त ?



डा. दीपेन्द्र रोकाया

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ वैशाख २३ गते सार्वजनिक गरेको जनसंख्या साक्षरता पुस्तक तथा जनसाख्यिक सूचकहरूले नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको देखाएको छ । यो अपेक्षित आयु हो । यसमा कर्नाली प्रदेशका मानिस सबैभन्दा धेरै वर्ष बाँच्ने गरेको देखिएको छ। जसमा कर्नाली प्रदेशको औसत आयु ७२.५ वर्ष देखिएको छ । त्यसमा महिलाको औसत आयु ७५.५ वर्ष रहेको देखियो। यो सूचकले सबैको ध्यानाकर्षण गराएको पाइयो ।

कुनै पनि क्षेत्रको मूल्याङ्कन त्यस क्षेत्रको मानव विकास सूचकाङ्कका आधारमा गर्ने गरिन्छ । यसमा प्रतिव्यक्ति आय, साक्षरता दर र अपेक्षित आयु हेर्ने गरिन्छ। मानव विकास प्रतिवेदन, २०२० अनुसार सामाजिक-आर्थिक सूचकाङ्कमा नेपालका अरू प्रदेशभन्दा कर्नालीको अवस्था कमजोर थियो । कर्नालीको प्रतिव्यक्ति आय ९६४ अमेरिकी डलर थियो । साक्षरता दर ६२.७७ प्रतिशत थियो। औसत आयु ६७ वर्ष थियो।

यतिबेला केही पूर्ववत् अवस्था स्मरण गर्न चाहन्छु। कुरा २०५८ सालमा हो, काठमाडौंबाट १७ जना पत्रकार कालीकोटको लालुसम्म पुगेका थियौं। दरबार हत्याकाण्ड भएका कारण एउटा कार्यक्रम स्थलमा पुगे पनि सहभागी नभएर फर्केका पत्रकारमध्ये एक नयाँ पत्रिकाका सम्पादक कृष्णज्वाला देवकोटा पनि हुनुहुन्थ्यो । उहाँले कान्तिपुर दैनिकमा कर्नालीको वास्तविक जीवनचर्या लेख्नुभएको थियो, "कर्नालीका मान्छेले बाल्यकाल आमाको गर्भमा बिताउँदा रहेछन्, बाल्यकालमा नै युवा काल बिताउने रहेछन् र जब युवा हुन्छन् उनीहरु प्रौढ भइसकेका देखिँदा रहेछन् ।"

देवकोटाजीले देखाएको शब्दचित्र एकदमै सही हो। यो सब खानपान, कुपोषण र बाल विवाहका कारण भएको थियो। कर्नालीमा लामो समय खडेरी पर्दा बूढापाकाहरु मारुल्या समयको सम्झना गर्दछन् । त्यो समयमा मारुल्या नामको राजा थिए। जलवायु परिवर्तनले खेती गर्दै लेकको टुप्पोसम्म पुग्नु परेको थियो । उत्पादन हुन छोडेपछि ढुङ्गा पकाएर बालबालिकालाई आशा जगाई केही दिन बाँच्न लगाएको, माटो खान परेको, माटो खानेहरु मरेको, त्यसमा दिसा खाँदा बाँचेको कथा गाउँघरमा सुन्न पाइन्थ्यो । त्यो स्तरको अनिकाल पछिल्ला दिनहरुमा नपरे पनि जिउलाको बाली हेरेर खानुपर्ने अवस्था थियो ।

कर्नालीको यही अवस्थालाई नेपाल खाद्य संस्थानमार्फत नेपालका राजनीतिज्ञ तथा कर्मचारीतन्त्रले 'नुन-चामलको राजनीति' चलाएका थिए । यतिबेला भेरी करिडोर र कर्नाली करिडोरले सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ। सडक पुग्दा खाद्य संस्थानभन्दा सस्तोमा स्थानीय पसलमा चामल पाइन थालेको छ। खानपानमा पनि फरक आएको छ । हिजो बिहान-बेलुकी सुख्खा रोटी खाने र तिउन पिउने अवस्थाबाट आज तरकारी र अचार पनि थपेर खान थालेका छन्। मासु खानलाई देउता पुज्ने र गरो काट्ने समय आउनु पर्दथ्यो वा पशु वस्तु लडेर मर्नु पर्दथ्यो। खानाको उपलब्धता र पाक शिक्षाको कमीका कारण कर्नालीका मानिसहरु रोगी, ख्याउटे र चाउरिएका देखिन्थ्ये तर उनीहरु चाम्रा र बलिया थिए।

गाउँमा धेरैले लुगा लगाएका देखिदैनथ्यो । अधिकांशले लुगा आकलझुकल लगाउन पाउँथे। लुगा लगाउनलाई विवाह, व्रतबन्ध वा विशेष चाड आउनु पर्दथ्यो। ठकुरी हो भने गौरा पर्व आउनु पर्दथ्यो। भोट्या लामा हो भने लोसार आउनु पर्दथ्यो। क्षेत्री, थपाल्या व्यासी र दलित हो भने साउन पुनी आउनु पर्दथ्यो। नत्र सँधै फटेका लुगामा टाला गाँस्दै लगाउनु पर्दथ्यो। कर्नालीमा अहिले पनि लुगा किन्ने भन्दैनन्, टाला किन्नु छ भन्छन् । यो पहिरनले देखाएको गरिबी थियो। फाटो र मैलोको कुरै नगरौं। सरसफाइ भन्ने कुरा धेरैलाई थाहा नै थिएन। यसैले खान, लाउन र सरसफाइले आयु घटाएकै थियो।

बाल विवाहले झनै डरलाग्दो समस्या थियो । बाहुन समाजबाहेक अरु समुदायमा पहिला केटी पाउन गाह्रो भएकाले विवाह गर्नलाई केटा मान्छे २५-३० पुग्नै पर्दथ्यो। विवाह गर्नलाई महिला पनि २० भन्दा माथि नै पुगेको हुनु पर्दथ्यो रे! तर अहिले आइपुग्दा केटा १६ वर्ष पुग्यो भने केटी खोज्न थाली हाल्छन् ।

यतिबेला पनि साविकको कर्नालीको हुम्ला, मुगु र डोल्पामा कुनै दुर्घटना हुँदा हवाई सेवाको सहारा लिनु पर्दछ। यसको लाख तीनदेखि पाँच लाख बेहोर्न तयार हुनु पर्दछ। नियमित उडान भर्दा पनि हरेक मान्छेले मान्छे भएर होइन, एक सय केजीको सामान भएर उडान भर्नुपर्ने हुन्छ। यसको मतलब एक सय केजी भौतिक सामानको मूल्य टिकटबापत तिर्नुपर्दछ । कर्नाली प्रदेश सरकारको सबै पालिका केन्द्रमा ग्रामीण सडक पुऱ्याउने लक्ष्यअनुसार अहिले डोल्पाको दुई र मुगुको एक पालिका केन्द्रबाहेक अरु सबै पालिका केन्द्रमा सडक खन्ने काम भएको छ ।

यो पृष्ठभूमिमा यस पटकको तथ्याङ्कले कर्नालीको औषत आयु ७२.५ वर्ष भएको देख्दा अचम्म लाग्नु स्वाभाविकै हो। कर्नालीपछि बाग्मती ७२.४, गण्डकी ७२.१, मधेस ७१.८, सुदुरपश्चिम ७१.३, कोशी ७०.४ र लुम्बिनी ६९.५ वर्ष आयु रहेको देखियो। औसत आयु बढ्नुमा स्वास्थ्य प्रणालीमा भएको सुधार, सचेतना, बालबालिकाले पाइरहेको पोषण र जन्मेदेखि हुर्किंदासम्म पाउने लालनपालनले समेत ठूलो भूमिका खेलेको हुनसक्छ। कर्नालीका विद्यालयहरुमा लिटोपीठो उपलब्ध हुन्छ तर कतिपय विद्यालयले त्यो बजेटबाट शिक्षकलाई राखेर पठनपाठन चलाउन बाध्य भएको अवस्था पनि छ ।

कर्नाली प्रदेशमा १८.६ अर्थात एक हजारमा १८ देखि १९ जना जन्मेको देखिन्छ । जन्मदर घटेको छ । अस्थायी साधन प्रयोगकर्ता राष्ट्रियभन्दा बढी देखिन्छन् । सय जनामा ७९ जना महिलाले छोरीहरु जन्माएको देखिन्छ। यो प्रदेश सरकारले 'छोरी सुरक्षा खाता' सञ्चालनमा ल्याएको प्रभाव पनि हुन सक्छ । किनकि भ्रूण हत्या रोकिदाको परिणाम यस्तो देखिएको हुन सक्छ। हाल कोरा मृत्युदर एक हजार जनामा ४.९९ जना रहेको छ। साथै, प्रति लाख ३७ सयले बसाइँसराइ गरेको पाइन्छ।

कर्नाली प्रदेशका १७ लाख जनसङ्ख्यालाई स्वास्थ्य सेवा दिन स्वास्थ्यकर्मीको दरबन्दी नौ सय नौजना रहेको छ। यसमा स्थायी पदपूर्ति तीन सय २७ जनाको भएको छभने आठ सय १८ जना करार सेवामा छन् । संस्थागत रुपमा स्वास्थ्य प्रतिष्ठान एक, आधारभूत स्वास्थ्य सेवा केन्द्र तीन सय, सामुदायिक स्वास्थ्य इकाइ एक सय २७, जिल्ला अस्पताल आठ, साधारण अस्पताल तीन, स्वास्थ्य चौकी तीन सय ३२, संस्थागत क्लिनिक दुई, एनजिओ २०, नर्सिङहोम पाँच, अन्य स्वास्थ्य सुविधा ५१, फार्मेसी स्वास्थ्य केन्द्र १२, प्राथमिक अस्पताल १८, निजी अस्पताल नौ, माध्यमिक ए अस्पताल एक, माध्यमिक बी अस्पताल एक, सहरी स्वास्थ्य केन्द्र ३० गरी जम्मा नौ सय २० वटा स्वास्थ्य संस्था कर्नालीमा छन् ।

उपरोक्त तथ्य र कोभिड महामारीले बनाउन लगाएको भौतिक पूर्वाधार तथा थप्न परेको जनशक्तिले कर्नालीको स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याएको छ। एउटा अनुभव सुनाऊँ, हुम्लाको नाम्खा गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा त्यहाँ कार्यरत स्वास्थ्य शाखा प्रमुखले बाल मृत्युदर, वालश्रम र महिला हिंसाका घटना शून्य छभन्दा म छक्क परेको थिएँ। उहाँसँग अरू तर्क गर्दा उहाँले हाम्रो तथ्याङ्कमा नभएको कुरा कसरी थप्न सक्छौं ? भनेर प्रतिप्रश्न गर्नुभएको थियो।

पछिल्लो ५० वर्षमा नेपालीको औसत आयु साढे २१ वर्षले बढेको देखियो । २०३८ सालको जनगणनामा औसत आयु ४९.८ वर्ष देखिएको थियो। २०४८ सालमा वृद्धि भई ५४.३ वर्ष पुगेको थियो। २०५८ सालमा ६०.४ वर्ष पुगेको थियो। २०६८ सालमा ६६.६ वर्ष पुगेको औसत आयु २०७८ को जनगणनाले ७१.३ वर्ष पुगेको देखाएको छ। आँकडाअनुसार पछिल्लो १० वर्षमा ४.७ वर्षले औसत आयु बढेको छ।

आयुकै प्रसङ्गमा पुरुषभन्दा महिलाको आयु बढी भएको देख्दा अर्को अचम्म लाग्ने विषय खुलेको छ। समाजमा महिला हिंसा, महिलाले पैतृक सम्पत्ति नपाएको सन्दर्भ, पितृ सत्तात्मक समाजले दोस्रो दर्जाको नागरिकका रुपमा व्यवहार गरेको भन्दै महिला अधिकारका कुरा उठाइरहेको अवस्था छ। तथ्यले के देखायो भने महिलाको तुलनामा दुर्घटनामा बढी पुरुष परेको देखिनु, मदिरा र लागुऔषध सेवनको मारमा पुरुष बढी देखिनु तथा विदेश जाने सङ्ख्यामा पुरुष बढी हुँदा कार्यक्षेत्रमा हुने दुर्घटनाले समेत पुरुषको मृत्युदर बढी देखियो।

जन्मेदेखि नै शिशु र बाल मृत्युदरमा छोरीको तुलनामा छोराको मृत्युदर बढी देखिएको छ। यसको प्रभाव औसत आयुमै देखिने हुन्छ । छोराको प्रतिहजार मृत्युदर १९ रहँदा छोरीको १५ रहेको देखिएको छ । नेपालको जनसङ्ख्या वृद्धिदर पनि निरन्तर घट्दै गएको देखिन्छ। नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत छ। प्रदेशगत रूपमा हेर्दा लुम्बिनी प्रदेशको सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर १.२४ छ भने मधेसको १.१९ प्रतिशत छ। बाँकी प्रदेशमध्ये कोशीको ०.८६, बाग्मतीको ०.९७, गण्डकीको ०.२५, कर्नालीको ०.७० र सुदूरपश्चिमको ०.५२ प्रतिशत छ।

# नेपाल नवप्रवर्तन र उद्यमशीलताको संस्कृति प्रवर्द्धन गर्न प्रतिबद्ध छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले लगानी प्रक्रियालाई सरलीकृत गर्दै नवप्रवर्तन र उद्यमशीलताको संस्कृति प्रवर्द्धन गर्ने नीति सरकारले लिएको बताउनुभएको छ।

नेपाल-युरोपेली सङ्घबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सवका अवसरमा बुधबार आयोजित 'नेपाल-इयु व्यापार मञ्च'को उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले नेपाल सरकार व्यवसायका लागि खुलापन सुनिश्चित गर्न प्रतिबद्ध रहेको बताउनुभयो ।"सरकारले नवप्रवर्तन र उद्यमशीलताको संस्कृतिलाई बढवा दिने नीति लिएको छ", प्रधानमन्त्रीले भन्नुभयो, "बलियो आर्थिक संरचना सिर्जना गर्ने नेपालको नीतिले अन्तर्राष्ट्रिय साझेदारी बढाउँछ, आर्थिक विस्तारमा सहयोग गर्छ।"




गत महिना सफलतापूर्वक सम्पन्न लगानी सम्मेलनमा विश्वका ५० भन्दा बढी देशहरूको उत्साहजनक सहभागिता रहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले अन्तर्राष्ट्रिय समुदाय नेपालमा लगानी ल्याउन उत्सुक छ भन्ने सन्देश प्रवाह भएको बताउनुभयो । वैदेशिक लगानी भित्र्याउने नेपालको सत्प्रयासमा युरोपेली सङ्घका सदस्य मुलुकहरूसँग थप सहकार्य गर्न नेपाल तत्पर रहेको उहाँले बताउनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।

नेपालले सन् २०२६ सम्ममा अतिकम विकसित मुलुकको वर्गबाट स्तरोन्नति हुने र सन् २०३० सम्ममा दिगो विकास लक्ष्यहरू हासिल गर्ने लक्ष्य लिएको उल्लेख गर्दै प्रधानमन्त्रीले यी लक्ष्य पूरा गर्न विदेशी साझेदारहरूबाट पर्याप्त लगानी र आवश्यक प्रविधि हस्तान्तरण हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।सरकारले रु ५० करोडसम्मका प्रत्यक्ष वैदेशिक लगानीका लागि हालै 'स्वचालित रुट' सुरु गरेको जानकारी दिँदै प्रधानमन्त्रीले यस सुरुआतसँगै नेपालमा व्यवस्थापकीय दक्षता र पुँजी भित्रिने विश्वास व्यक्त गर्नुभयो।

"हामीले स्वचालित मार्गमार्फत प्राप्त लगानीका केही आवेदनहरू र स्वीकृत गरेका छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "अन्तर राष्ट्रिय साझेदारमार्फत हाम्रा प्रयासहरूलाई बलियो बनाउन खोजिरहेका छौँ, यसले नेपालमा पुँजीमात्र होइन, प्राविधिक र व्यवस्थापकीय विशेषज्ञता पनि ल्याउनेछ।"वातावरणीय दिगोपन र आर्थिक रूपमा व्यावहारिक हुने हरित अर्थव्यवस्थालाई नेपाल सरकारले प्राथमिकता दिएको स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले नवीकरणीय ऊर्जा परियोजनाहरूको प्रवर्द्धन, दिगो कृषि अभ्यास र वातावरणीय लक्ष्य प्राप्तिमा निरन्तर काम गरिरहेको बताउनुभयो।

"हाम्रा विकासका गतिविधि राष्ट्रिय हित र विश्वव्यापी वातावरणीय लक्ष्यहरूसँग मिल्दाजुल्दा छन्", प्रधानमन्त्रीले भन्नुभयो, "नेपाल पेरिस सम्झौताप्रति सधैँ प्रतिबद्ध छ, हाम्रा विकास योजना र कार्यक्रमहरूमा जलवायु कार्यलाई सक्रिय रूपमा समावेश गर्दै आएको छौँ।" स्रोत र क्षमताको अन्तर एवं जलवायु परिवर्तनले निम्त्याएका निरन्तरका चुनौतीका बाबजुद पनि नेपाल सन् २०४५ सम्ममा शून्य कार्बन उत्सर्जनमा पुग्न प्रतिबद्ध छ भन्नुभयो ।रासस

# एमालेले सोडारीलाई विश्वासको मत दिने

टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले)ले सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीलाई विश्वासको मत दिने भएको छ।

सुदूरपश्चिम प्रदेश एमाले संसदीय दलको बुधबार बसेको बैठकले मुख्यमन्त्री सोडारीलाई विश्वासको मत दिने निर्णय गरेको सो पार्टीका संसदीय दलका प्रमुख सचेतक सुरेन्द्रबहादुर पालले जानकारी दिएका छन्। विश्वासको मत दिए पनि एमाले तत्काल प्रदेश सरकार सहभागी नहुने उनले



बताए। प्रमुख सचेतक पालले भने, "केन्द्रबाट अर्को निर्देशन नआउञ्जेलसम्म एमाले प्रदेश सरकारमा सहभागी हुने छैन।"

यही जेठ ३ गते बिहीबार बस्ने सुदूरपश्चिम प्रदेशसभाको बैठकमा मुख्यमन्त्री सोडारीले विश्वासको मत लिने कार्यसूची छ। नेकपा (एकीकृत समाजवादी) संसदीय दलका नेता एवं मुख्यमन्त्री सोडारी गत वैशाख ६ गते प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका हुन्। सत्तासाझेदार एमालेले तयारी नपुगेको र थप छलफल गर्नुपर्ने अडान राखेपछि यसअघि वैशाख २१ र २२ गते मुख्यमन्त्री सोडारीले विश्वासको मत लिन बोलाएको प्रदेशसभाको बैठक स्थगित गरिएको थियो।

एमाले, माओवादी केन्द्र, नागरिक उन्मुक्ति पार्टीका दुई प्रदेशसभा सदस्य र स्वतन्त्र डा तारा जोशीको समर्थनमा सोडारी प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएका थिए। त्रिपन्न सदस्यीय प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्ति पार्टीका सात, एकीकृत समाजवादी पार्टीका चार तथा राप्रपा र स्वतन्त्र एक एक सदस्य छन्।

# वार्ता र कूटनीतिबाट भारतसँगका समस्या समाधान गर्नुपर्छ : परराष्ट्रमन्त्री

काठमाण्डु । उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल र भारत घनिष्ठ छिमेकीका साथै आपसी मैत्री र सहयोगको लामो इतिहास रहेको बताउँदै भौगोलिक निकटता धार्मिक, सांस्कृतिक र भाषिक सम्बन्ध; आर्थिक संलग्नता र दुई देशबीचका जनता-जनताबीच सघन रूपमा झाङ्गिएको सम्बन्ध नेपाल-भारत सम्बन्धका विशेषता हुन् भन्नुभएको छ।




परराष्ट्र मन्त्रालयले पूर्वराजदूत तथा पूर्वपरराष्ट्र सचिव प्राध्यापक यदुनाथ खनालको सम्मानमा सुरु गरेको प्रवचनको तेस्रो शृंखलाको मङ्गलबार साँझ समापन मन्तव्य व्यक्त गर्दै उहाँले नेपाल-भारत सम्बन्ध प्रकृतिद्वारा पोषित, सांस्कृतिक आत्मीयताले बाँधिएको, व्यापक, बहुआयामिक र अतुलनीय रहेको बताउनुभयो ।नेपाल-भारत सम्बन्धमा केन्द्रित रहेर आयोजित तेस्रो शृ लाका प्रमुख वक्ता दक्षिण एसियाली अध्ययन प्रतिष्ठानका पूर्वनिर्देशक प्राध्यापक सी राजामोहनको सम्भाषणपछि परराष्ट्रमन्त्रीले भन्नुभयो, "तर दुई देशबीच इतिहासले छोडेका केही मुद्दा छन् जसलाई ऐतिहासिक तथ्यका आधारमा र असल छिमेकीको भावनाअनुरुप वार्ता र कूटनीतिक माध्यमबाट समाधान गर्न आवश्यक छ। यसले नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुर्याउन मार्गप्रशस्त गर्नेछ, यसका लागि नेपाल सरकार प्रतिबद्ध छ।"

द्विदेशीय सम्बन्ध सार्वभौम समानता, शान्तिपूर्ण सहअस्तित्व, सद्भावना, पारस्परिक विश्वास, समझदारीमा आधारित रहेको दोहोर्याउँदै मन्त्री श्रेष्ठले उच्चस्तरीय भ्रमणको आदानप्रदानबाट सम्बन्धलाई सुमधुर बनाउन र धेरै क्षेत्रमा साझेदारी बढाउन मद्दत पुगेको बताउनुभयो । उहाँले द्विपक्षीय सम्बन्धका विविध क्षेत्रमा सहकार्य गर्न परामर्श संयन्त्र स्थापना गरिएको चर्चा गर्दै त्यस्ता संयन्त्रबाट आपसी सहयोग र साझेदारी बढाउन सहज भएको बताउनुभयो। पारस्परिक लाभका विविध क्षेत्रमा सहकार्यका प्रशस्त सम्भावना रहेका बताउँदै उहाँले ऊर्जाको क्षेत्रको साझेदारी महत्वपूर्ण छ भन्नुभयो।

उहाँले भन्नुभयो, " नेपालको जलविद्युत् उत्पादनको अथाह क्षमताको समुचित उपयोगले हाम्रो क्षेत्रको विकास परिदृष्यलाई स्वच्छ ऊर्जामा परिवर्तन गर्न सक्छ। व्यापार र पारवहनलाई सहज बनाउन सीमापार सम्पर्क सञ्जाल विस्तार भइरहेको छ । हामीले यो सञ्जाललाई थप विस्तार र सुधार गर्न आवश्यक छ।"

दुवै देशले आपसी व्यापारलाई लाभदायक बनाउने उपाय खोज्नुपर्ने, नेपालको निर्यातको आधार सीमित भएकाले व्यापार घाटा बढ्दै गएको तथा भारत र अन्य देशसँगको व्यापार विस्तार गर्न उत्पादनशील क्षेत्रमा थप लगानी आवश्यक भएको बताउँदै मन्त्री श्रेष्ठले नेपालमा लगानी सुरक्षित र लाभदायक छ भन्नुभयो । नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरुले आफ्नो लगानीबाट मनग्य रकम फिर्ता लगेका बताउँदै उहाँले नेपाल लगानीको आकर्षक गन्तव्य बनेको उल्लेख गर्नुभयो।

सूचना प्रविधिको क्षेत्रमा पनि नेपाल र भारतबीच सहकार्यका प्रशस्त सम्भावना रहेका बताउँदै परराष्ट्रमन्त्रीले युवा जमातलाई यसतर्फ आकर्षित गर्न शिक्षा, विज्ञान र प्रविधिको क्षेत्रमा पनि सहकार्य आवश्यक भएको विचार व्यक्त गर्नुभयो ।नेपालको विकास र आर्थिक समृद्धि पनि छिमेकीको हितमा हुने बताउँदै उहाँले शान्तिपूर्ण छिमेक नेपालको चाहना हो भन्नुभयो । नेपालको समृद्धिका निम्ति छिमेकी र अन्तर्राष्ट्रिय समुदायको सहयोग अपरिहार्य भएको बताउनुभयो । उहाँलेप्राध्यापकमोहनकोव्यावहारिकतामा आधारित भारत-नेपाल सम्बन्ध फलदायी हुने सुझाव मननीय छ भन्नुभयो।

प्राध्यापक मोहनको नेपाल र भारतका विश्वव्यापी चुनौती समान रहेका तथा दुवै देशले तिनको सामना गरिरहेका बताउनुभयो । उहाँले विशाल राष्ट्रका शक्तिको द्वन्द्वबाट साना देशहरू प्रभावित भएका बताउँदै राजनीतिक नेतृत्वले त्यसको निदान सावधानीपूर्वक खोज्नुपर्नेमा जोड दिनुभयो । काठमाडौँरनयाँदिल्लीलेबेइजिङबाट सिक्नुपर्ने विचार व्यक्त गर्दै उहाँले चीनले आवश्यकताअनुसार रुस र अमेरिकासँगको सम्बन्धलाई सुमधुर बनाएको बताउनुभयो । अहिले बेइजिङको सम्बन्ध वासिङ्टनसँग चिसिएको भए पनि मस्कोसँगको सम्बन्ध सुदृढ रहेको वास्तविकता सुनाउनुभयो।

परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्सालले क्षेत्रगत ज्ञान अभिवृद्धि, देशको विद्यमान परराष्ट्र नीति र अभ्यासकाबारे विद्वत् वर्गसँग बहस गर्न यस प्रकारको प्रवचन आयोजना गरिएको बताउनुभयो।

नेपालको बाह्य सम्बन्ध विस्तारमा योगदान गरेबापत सरदारको पदवि पाउनु खनाल दुई कार्यकाल परराष्ट्र सचिव तथा चीन, भारत तथा संयुक्त राज्य अमेरिकामा राजदूत भएर राष्ट्रसेवा गर्नुभएको थियो । मुलुकका ख्यातिप्राप्त कूटनीतिज्ञ प्राध्यापक खनालको नाम र सम्मानमा परराष्ट्र मन्त्रालयले यो प्रवचन शृंखला सुरु गरेको हो ।रासस

> “ नेपाल-भारत सम्बन्धमा केन्द्रित रहेर आयोजित तेस्रो शृङ्खलाका प्रमुख वक्ता दक्षिण एसियाली अध्ययन प्रतिष्ठानका पूर्वनिर्देशक प्राध्यापक सी राजामोहनको सम्भाषणपछि परराष्ट्रमन्त्रीले भन्नुभयो ।

# नीति तथा कार्यक्रमलाई केन्द्रमा राखेर बजेट आउँछ : मन्त्री भण्डारी

अत्तरिया । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नीति तथा कार्यक्रमलाई केन्द्रमा राखेर आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट आउने बताउनुभएको छ।

धनगढी विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै मन्त्री भण्डारीले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले मार्ग निर्देश गरेका विषयलाई केन्द्रमा राखेर आगामी आवको बजेट आउने बताउनुभयो। उहाँले भन्नुभयो, "सरकार बजेटमा केन्द्रित छ। हिजोका दिनमा थुप्रै नीति तथा कार्यक्रमले बजेट नचिन्ने, बजेटले नीति तथा कार्यक्रम नचिन्ने खालका सन्दर्भ थिए। यस पटक सरकारले पूरै नीति तथा कार्यक्रमलाई बल पुग्ने गरी बजेट तय गर्ने छ।"

रोजगारीका अवसर सिर्जना गर्ने, उद्योगधन्दा सञ्चालन गर्नेलगायतका थुप्रै कार्यक्रम नीति तथा कार्यक्रमले समेटेको मन्त्री भण्डारीले बताउनुभयो। सरकार राष्ट्रिय मुद्दामा केन्द्रित भएर काम गरिरहेको उहाँको भनाइ थियो ।रासस

# 'स्थायित्वका लागि शासकीय र निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्छ'

काठमाण्डु । विभिन्न राजनीतिक दलका युवा नेताहरू देशमा राजनीतिक स्थायित्वका लागि शासकीयस्वरूप र निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) को आयोजनामा काठमाडौँमा जारी विद्यार्थी महोत्सव–२०८१ मा 'कसरी सम्भव छ राजनीतिक स्थायित्व विषयक' सामूहिक छलफलमा उहाँहरूले त्यस्तो जोड दिनुभएको हो। छलफलमा नेकपा (एमाले) का सचिव योगेश भट्टराईले मुलुकमा राजनीतिक स्थायित्व भए पनि शासकीय व्यवस्थाका कारण अस्थिरता देखिएको भन्दै त्यसमा परिवर्तन जरूरी रहेको बताउनुभयो। संविधानमा भएको शासकीयस्वरुप र निर्वाचन प्रणालीले मुलुकको शासन व्यवस्थामा स्थायित्व दिन नसक्ने भन्दै जनताबाट निर्वाचित प्रत्यक्ष कार्यकारी प्रमुख राख्ने व्यवस्था गर्नुपर्ने उहाँको भनाइ थियो।



"मुलुकमा व्यवस्था परिवर्तन गरेर हामीले राजनीतिक स्थायित्व पाइसकेका छौँ तर शासकीय प्रबन्ध र निर्वाचन प्रणालीका कारण सरकारको स्थायित्व हुनसकेको छैन" उहाँले भन्नुभयो, "अब सरकार र शासन स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ ।" उहाँले संसदलाई समावेशी बनाउन राष्ट्रियसभालाई पूर्ण समानुपातिक वा प्रत्यक्ष निर्वाचनमै समावेशी व्यवस्था गर्ने भन्नेबारे छलफल गर्न सकिने उहाँको भनाइ थियो।

कार्यक्रममा नेपाली काङग्रेसका नेता प्रदीप पौडेलले यहि व्यवस्थाभित्र शासन व्यवस्थाको स्थायित्व खोज्नुपर्ने बताउनुभयो। उहाँले राजनीतिक दलका नेतृत्वका स्वार्थका कारण शासन व्यवस्थामा स्थायित्व हुन नसकेको धारणा राख्नुभयो। "निर्वाचनमा कुनै पनि राजनीतिक दलले किन बहुमत ल्याउन सकेनौँ भन्ने विषयको खोजी गरौँ । त्यसपछि बाँकी विषयमा छलफल र समाधानको विधिबारे गम्भीर समीक्षा गरेर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो।

कार्यक्रममा नेपाल समाजपाटी पार्टीकी नेतृ मानुषी यमी भट्टराईले प्रत्यक्ष निर्वाचित सरकार प्रमुख र पूर्णसमानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरेमात्र मुलुकले स्थायित्व पाउने बताउनुभयो । "प्रत्यक्ष निर्वाचनमा गर्यौं भनेमात्र मुलुकमा शासकीय स्थायित्व ल्याउन सकिन्छ। त्यस्तै पूर्णसमानुपातिक निर्वाचन प्रणालीमार्फत सीमान्तकृतलगायत पछाडि परेका वर्ग समुदायको प्रतिनिधित्व संसदमा हुन्छ" उहाँको भनाइ थियो । यस्तै, संसदलाई सरकारमा सहभागि नगराउने र व्यवस्थापिकालाई विधायिकाको काममा लगाउनुपर्नेमा समेत उहाँको जोड थियो ।रासस

# अपाङ्गता भएका व्यक्तिको माग पूरा गर्न कांग्रेसको आग्रह

काठमाण्डु । नेपाली कांग्रेसले पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिको अधिकारको माग गर्दै रत्नपार्कमा जारी आन्दोलनका माग पूरा गर्न सरकारसँग माग गरेको छ।

पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा बुधबार जारी विज्ञप्तिमा अधिकारकर्मी दीपक भण्डारीको नेतृत्वमा विगत दुई हप्तादेखि भइरहेको अनसनका माग सम्बोधन र प्रहरीबाट भएको धरपकड रोक्न आग्रह गरिएको हो।

विज्ञप्तिमा भनिएको छ, "शान्तिपूर्ण आन्दोलनमा प्रहरीले धरपकड गर्दा संयोजक विकास थापालगायत करिब दुई दर्जन अपाङ्गता भएका व्यक्ति पक्राउ परेका उल्लेख गर्दै त्यसमा पार्टीको प्रहरीलाई आन्दोलनको सम्मान गर्न नेपाली कांग्रेस आग्रह गर्दछ। विगत केही महिनाअघि भण्डारीसहित अपाङ्गता भएका व्यक्तिले गरेको आन्दोलनपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले सहमति गरिसकेको सहयोगी तथा सामुदायिक सेवासम्बन्धी व्यवस्था कार्यान्वयनको माग गर्दै विगत दुई हप्तादेखि पुनः अनशनमा रहेका कारण स्वास्थ्य अवस्थामा समेत जोखिम बढिरहेकाले त्यसतर्फ गम्भीर बन्न सरकारको ध्यानाकर्षण गराउन चाहन्छौँ।"रासस


## Invitation for Electronic Bids

## Ganeshman Charnath Municipality

### Office of the Municipal Executive

### BirendraBazzar ,Dhanusha

**Bid Publication date: 2081-02-03**

1. The Ganeshman Charnath municipality, Office of the municipal executive, BirendraBazzar, Dhanusha invites electronic bids from eligible bidders for Procurement of sanitary pads under Sealed Quotation specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
3. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2081-02-18. Bids received after this deadline will be rejected.
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2081-02-18 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.**: 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Works | Estimated Cost (Without Vat) | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GCM/SQ/Goods/06/2080-81(re-bid) | Procurements of Sanitary pads | 1488467.10 | 50000.00 | 1000.00 | |

**Chief Administrative Officer**

# भारतद्वारा इरान बन्दरगाह सम्झौतामा अमेरिकी प्रतिबन्धको धम्की अस्वीकार

**एएफपी**

नयाँदिल्ली । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले भारतले इरानमा रणनीतिक बन्दरगाह परियोजनाको लाभलाई सम्प्रेषित गर्नका लागि काम गर्ने बताउनुभएको छ । संयुक्त राज्य अमेरिकाले उक्त परियोजनामा काम गर्ने भारतीय कम्पनीहरू प्रतिबन्धको जोखिममा रहेको बताएपछि उहाँको यस्तो भनाइ आएको हो ।




भारत र इरानले यसै साता लामो समयदेखि रोकिएका इरानमा रणनीतिक चाबहार बन्दरगाहको विकास र सुसज्जित गर्न १० वर्षे सम्झौतामा हस्ताक्षर गरेका छन् । भारतले पश्चिम र मध्य एसियामा व्यापार बढाउन चाहेको बेला सम्झौताबाट भारतलाई बन्दरगाह प्रयोग गर्न १० वर्षको सुविधा प्राप्त हुनेछ ।

वासिङ्टनको भारतसँग सुमधुर सम्बन्ध छ तर इरानँग उसको लामो समयदेखि प्रतिकूल सम्बन्ध छ । इजराइलसँगको युद्धमा हमासलाई इरानको समर्थनले सम्बन्ध अझ बिग्रेको छ । "सञ्चार गर्ने, विश्वस्त पार्ने र मानिसहरूलाई यो वास्तवमा सबैको हितका लागि हो भनेर बुझाउने प्रश्न हो", भारतीय विदेशमन्त्री जयशङ्करले मङ्गलबार साँझ कोलकाता सहरमा आयोजित सार्वजनिक कार्यक्रममा भन्नुभयो, "यदि तपाईंले विगतमा चाबहारलाई लिएर अमेरिकाको आफ्नै दृष्टिकोणलाई हेर्नुभयो भने अमेरिकाले चाबहारको ठूलो सान्दर्भिकता भएको तथ्यको प्रशंसा गरेको छ ।"

> "विदेश मन्त्रालयलका प्रवक्ता वेदान्त पटेलले प्रेस ब्रिफिङमा भन्नुभयो," इरानसँगको व्यापारिक सम्झौतासँग सम्बन्धित कुनै पनि एकाइ वा जोकोहीलाई आफैँलाई खोलिरहेको सम्भावित जोखमबारे सचेत हुन आवश्यक छ ।

सन् २०२१ मा पतन भएको काबुल सरकारको समर्थन गर्नका नयाँदिल्लीलाई मूल्यवान साझेदारका रूपमा हेर्दा संयुक्त राज्य अमेरिकाले अफगानिस्तानमा अमेरिकी सेना हुँदा अनिच्छापूर्वक बन्दरगाह परियोजनालाई स्वीकार गरेको थियो । तथापि अमेरिकी विदेश मन्त्रालयले सोमबार परियोजनामा काम गरिरहेका भारतीय कम्पनीहरूलाई अमेरिकी प्रतिबन्धको खतरा रहेको चेतावनी दिएको छ । विदेश मन्त्रालयलका प्रवक्ता वेदान्त पटेलले प्रेस ब्रिफिङमा भन्नुभयो, "इरानसँगको व्यापारिक सम्झौतासँग सम्बन्धित कुनै पनि एकाइ वा जोकोहीलाई आफैँलाई खोलिरहेको सम्भावित जोखमबारे सचेत हुन आवश्यक छ ।"

यो साता हस्ताक्षरित सम्झौताअन्तर्गत इन्डिया पोर्ट्स ग्लोबल लिमिटेड (आइपिजिएल) ले 'रणनीतिक उपकरण प्रदान गर्न' र 'बन्दरगाहको यातायात पूर्वाधारको विकास गर्न' ३७ करोड डलर लगानी गर्नेछ । सन् २०१६ मा मध्य एसियाका लागि व्यापारिक केन्द्रका रूपमा इरानी बन्दरगाहको विकासमा वित्तीय सहयोग गर्न भारत सहमत भएको थियो ।

सन् २०१९ मा कोभिड महामारी फैलिनुअघि विदेशमन्त्री जयशङ्करको तेहरान भ्रमणपछि दुवै मुलुक उक्त परियोजनालाई गति दिन सहमत भएका थिए ।चाबहार बन्दरगाह हिन्द महासागरमा पाकिस्तानको सीमाबाट करिब एक सय किलोमिटर पश्चिममा छ । भारतको ऐतिहासिक प्रतिद्वन्द्वी पाकिस्तानले चीनको सहयोगमा ग्वादर बन्दरगाहको विकास गरिरहेको छ ।

# 'बोइङ स्टारलाइनर' को प्रक्षेपणमा ढिलाइ

**सिन्हुआ**

लस एन्जलस । नासा र बोइङले अब अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा स्टारलाइनर अन्तरिक्ष यानको पहिलो चालक दलको मिसन प्रक्षेपणको लागि मे २१ भन्दाअघि लक्षित नगर्ने एजेन्सीले बताएको छ । यो अन्तरिक्ष यान यसअघि अमेरिकी राज्य फ्लोरिडाको केप क्यानाभेरल स्पेस फोर्स स्टेशनबाट मे ६ मा 'युनाइटेड लन्च एलायन्स' (यूएलए) एटलस वी रकेटमा प्रक्षेपण गर्ने कार्यक्रम थियो । प्राविधिक समस्याका कारण प्रक्षेपण प्रयास रोकिएको थियो ।



युएलले टोलीले मे ११ मा एटलस भी रकेटको सेन्टौर माथिल्लो चरणमा तरल अक्सिजन ट्याङ्कीमा दबाव नियमन भल्भ सफलतापूर्वक प्रतिस्थापन गरेको छ । उक्त टोलीले पुनः दबाव र प्रणाली शुद्धीकरण पनि गर्दै नयाँ भल्भको परीक्षण गऱ्यो । यसले सामान्य रूपमा प्रदर्शन गरिरहेको गर्ने नासाले जनाएको छ । स्टारलाइनर टोलीले एकल प्रतिक्रिया नियन्त्रण प्रणाली थ्रस्टरमा निस्किएको किनारामा पत्ता लागेको सानो हिलियम चुहावट समाधान गर्न काम गरिरहेको छ । थ्रस्टरहरूलाई आगो लगाउन अनुमति दिन स्पेसक्राफ्ट थ्रस्टर प्रणालीहरूमा हिलियम प्रयोग गरिने र यो दहनशील वा विषाक्त हुँदैन ।

नासा र बोइङले यस समस्यालाई सम्बोधन गर्न अन्तरिक्ष यान परीक्षण र परिचालन समाधानहरू विकास गरिरहेका छन् ।उडान परीक्षणले नासाका अन्तरिक्ष यात्री बुच विल्मोर र सुनी विलियम्सलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसनमा लैजानेछ । एजेन्सीको कमर्सियल क्रु कार्यक्रमको एक भागका रूपमा बोइङको स्टारलाइनरलाई अन्तरिक्ष स्टेशनमा प्रक्षेपण गर्ने यो जोडी पहिलो हो ।

नासाका अनुसार अन्तरिक्ष यात्रीहरूले पृथ्वीमा फर्कनुअघि र दक्षिणपश्चिमी संयुक्त राज्य अमेरिकामा प्यारासुट र एयरब्यागको सहायताले अवतरण गर्नुअघि परिक्रमा गर्ने प्रयोगशालामा करिब एक हप्ता बिताउने छन् ।मिशनको सफल समापनपछि नासाले स्टारलाइनर र यसका प्रणालीहरूलाई अन्तरिक्ष स्टेशनमा क्रुड रोटेशन मिशनहरूका लागि प्रमाणित गर्ने अन्तिम प्रक्रिया सुरु गर्ने जनाएको छ ।

# एपिएफ फाइनलमा प्रवेश



काठमाण्डु । ललितपुर मेयरर्स कप क्रिकेट-२०८१ अन्तर्गत बुधबार भएको खेलमा शसस्त्र प्रहरी बलको (एपिएफ) क्लब आयोजक ललितपुर मेयर्स-११ लाई पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सम्पन्न खेलमा ललितपुरलाई आठ विकेटले पराजित गर्दै एफिएफ एक खेल अगावै प्रतियोगिताको फाइनलमा पुगेको हो । एपिएफले तीन खेलमा छ अङ्क बटुलेको छ । त्यस्तै सुदूरपश्चिमले दुई खेलमा चार अङ्क रहेको छ । यता ललितपुरको तीन खेलमा दुई अङ्क रहेको छ भने समान दुई/दुई खेल खेलेका कोशी प्रदेश र बागमती प्रदेश अङ्कविहीन छन् ।

बुधबारको खेलमा ललितपुरले दिएको ७२ रनको लक्ष्य एपिएफले नौ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउदै पूरा गर्यो । एपिएफका लागि कप्तान सीता रानामगरले सर्वाधिक ५० रनको योगदान दिइन । उनले ३५ बलमा आठ चौकासहित ५० रन बनाएकी हुन् ।त्यस्तै ममता चौधरीले २१ बलमा एक चौकासहित १६ रन बनाइन् भने इन्दु बर्मा र रोमा थापा समान एक /एक रनमा अविजित रहे ।

ललितपुरका लागि कृतिका मरासिनीले दुई विकेट लिइन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको ललितपुरले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर ७१ रनको योगफल बनाएको थियो । कप्तान पुजा महतोले सर्वाधिक २४ रन बनाइन । उनले ३९ बलमा एक चौकासहित २४ रन बनाइन् । त्यस्तै ज्योत्स्निका मरासिनीले ३९ बलमा १ चौका नै प्रहार गर्दै २१ रन जोडिन् ।

एपिएफका लागि रेखा रावल र कप्तान सीता रानामगरले समान एक /एक विकेट लिए । विभिन्न पाँच टोली सहभागी उक्त प्रतियोगिता सिंगल राउण्ड रोबिनका आधारमा हुँदैछ । लिग चरणका शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।रासस

# सन्दीप लामिछाने विश्वकपमा सहभागी हुन पाउने

काठमाण्डु । स्पिनर सन्दीप लामिछानेलाई नेपाल क्रिकेट संघ (क्यान)ले आईसीसी टी-२० विश्वकप २०२४ खेल्न अमेरिका र वेष्टइण्डिज पठाउने भएको छ । उच्च अदालत पाटनले बलात्कार मुद्दामा सन्दीपलाई सफाइ दिएसँगै क्यानले विश्वकप खेल्न पठाउने भएको छ ।



'हामी विहिबार सम्ममा निर्णय गरेर सन्दीपलाई विश्वकप खेल्न पठाउँछौं । हामी १०० प्रतिशत सन्दीपलाई खेल्न पठाउँछौं । क्यानले आफ्नो खर्च गरेर भए पनि सन्दीपलाई पठाउँछ,' क्यानका कोषाध्यक्ष पदम खड्काले भने ।

आईसीसीको नियमअनुसार विश्वकपमा २५ मेसम्म कुनै पनि टोलीले खेलाडी परिवर्तन गर्न सक्छ । नेपाली टोली हाल वेष्टइण्डिजमा अभ्यासमा व्यस्त छ । नेपालले सन्दीपलाई पठाउँदा अन्तिम १५ बाट एक खेलाडी भने बाहिर गर्नुपर्छ । कुन खेलाडी बाहिर हुने कप्तान रोहित पौडेल र मुख्य प्रशिक्षक मोन्टी देशाईमा भरपर्ने खड्का बताउँछन् ।

'१५ को ठाउँमा १६ हुन्छ । सन्दीपको खर्च क्यानले व्यहोर्छ । क्यान सन्दीपलाई पठाउने तयारीमा लागिसक्यो,' खड्काले भने । आईसीसीको नियमअनुसार १५ खेलाडी मात्रै विश्वकपमा राख्न पाइन्छ । त्यसैले एक खेलाडी विश्वकपबाट बाहिर हुनुपर्छ ।

# भारतको तामाखानीमा लिफ्ट खस्दा फसेका सातभन्दा बढीको उद्धार

**एएनआई**

राजस्थान ।भारतस्थित कोलिहान तामाखानीमा लिफ्ट खसेपछि खानीमा फसेका थप सात जनालाई निम का थाना जिल्लामा उद्धार गरिएको बुधबार एक अधिकारीले बताएका छन् ।

अधिकारीका अनुसार बुधबार बिहान तीन जनालाई उद्धार गरिएको थियो भने हालसम्म उद्धार गरिएमा व्यक्तिको संख्या १० पुगेको छ । यसैगरी खानीमा फसेका बाँकीलाई निकाल्ने प्रयास भइरहेको छ ।"घटनास्थलबाट १० जनाको उद्धार गरिएको छ, पहिलो स्लटमा तीन जनालाई खानीबाट बाहिर निकालिएको छ, पाँच जनाको उद्धार गरिएको छ, दोस्रो र तेस्रो स्लटमा थप दुई जनालाई बाहिर निकालिएको छ", निम का थानाका प्रहरी उपरीक्षक प्रवीण नायकले भन्नुभयो ।

झुनझुनु सरकारी अस्पतालका डा प्रवीण शर्माले सबै मानिस सुरक्षित रहेको जानकारी दिनुभयो । उहाँका अनुसार तीमध्ये तीन जनाको अवस्था गम्भीर रहेकोले उनीहरूलाई जयपुर पठाइएको छ । केही घाइतेको हात र केहीको खुट्टा भाँच्चिएको छ । कोलिहान खानीमा लिफ्ट खसेपछि कम्तीमा १४ जना खानीभित्र फसेका छन् । घटना मङ्गलबार राति निम का थाना जिल्लामा हिन्दूस्तान कपर लिमिटेड (एचसिएल) को तामाखानीमा भएको हो ।

लिफ्टमा कोलकाताको सतर्कता टोली र खानीका अधिकारीहरू पनि थिए । लिफ्ट खानीभित्र एक हजार आठ सय फिटभन्दा तल खसेको अनुमान गरिएको छ । लिफ्टलाई समर्थन गर्ने डोरी चुँडिएका कारण यो घटना भएको हो ।

फसेका अधिकारीहरूमा मुख्य सतर्कता अधिकारी उपेन्द्र पाण्डे, खेत्री कपर कम्प्लेक्स (केसीसी) एकाइ प्रमुख जीडी गुप्ता र खानीका उप महाप्रबन्धक एक शर्मा हुनुहुन्थ्यो ।

# डढेलोबाट प्रभावित पश्चिमी क्यानाडामा छ हजारभन्दा बढी विस्थापित

**सिन्हुवा**

ओटावा । क्यानाडाको पश्चिमी प्रान्त अल्बर्टामा भीषण डढेलोका कारण छ हजार छ सय बासिन्दालाई विस्थापित गरिएको स्थानीय सञ्चारमाध्यमले मङ्गलबार जानकारी दिएका छन् । वुड बफेलोको क्षेत्रीय नगरपालिकाले स्थानीय आपत्कालीन अवस्था घोषणा गरेपछि मङ्गलबार दिउँसो खाली गर्ने आदेश जारी गरेको सिबिसी न्युजले बताएको छ ।



बेकन हिल, अबासन्ड, प्रेरी क्रिक र ग्रेलिङ टेरेसका छिमेकीका लागि खाली गर्ने आदेश प्रभावकारी छ । फोर्ट म्याकमुरेका धेरै छिमेकीलाई अग्नि नियन्त्रकहरूका लागि लागि बाटो बनाउन खाली गरिँदै गरेको बताइएको छ । उक्त विस्थापित क्षेत्रका सबै बासिन्दालाई अपराह्न ४ बजेसम्म छाड्न आदेश दिइएको थियो । सिबिसी न्युजका अनुसार क्षेत्रीय अग्नि नियन्त्रण प्रमुख जोडी बुट्जले भन्नुभयो, "यो आदेशले खाली गर्ने क्षेत्रमा छ हजार पाँच सय मानिसलाई प्रभावित गर्नेछ ।"

क्यानेडियन इन्टरएजेन्सी फरेस्ट फायर सेन्टरका अनुसार मङ्गलबार देशभरि एक सय ३४ वटा आगलागी सक्रिय रूपमा बलिरहेको थिए । तीमध्ये ४३ वटा आगलागी नियन्त्रणबाहिर छन् । क्यानाडा सरकारले देशभर सामान्यभन्दा माथिको तापक्रमले जङ्गलमा आगलागीको ठूलो जोखिम निम्त्याउन सक्ने चेतावनी दिएको छ ।

सन् २०२३ मा क्यानाडाको डढेलोको सिजन रेकर्डमा सबैभन्दा विनाशकारी हो । क्यानाडाको राष्ट्रिय फायर डाटाबेसका अनुसार सन् २०२३ मा देशभर सात हजार एक सय ३१ आगलागी रेकर्ड गरिएको थियो । ती आगलागीबाट एक करोड ७२ लाख तीन हजार छ सय २५ हेक्टर जमिन जलेको थियो ।

# लिगको अन्तिम खेलमा दिल्लीले लखनउलाई हरायो

काठमाण्डु । इंडियन प्रिमियर लिग (आईपीएल)को अन्तिम खेलमा दिल्ली क्यापिटल्सले लखनउ सुपर जाएन्ट्सलाई पराजित गरेको छ ।घरेलु मैदानमा मंगलबार राति भएको खेलमा दिल्ली १९ रनले विजयी भएको हो ।२०९ रनको लक्ष्य पछ्याएको लखनउले ९ विकेटको क्षतिमा १८९ रन मात्रै बनायो । लखनउका निकोलस पुरनले ६१ र अर्षद खानले ५८ रन बनाए पनि हार टार्न सकेनन् । अरु ब्याटर भने खासै चल्न सकेनन् । क्रुनाल पण्ड्याले १८, युधवीर सिंहले १४ र क्विन्टन डी ककले १२ रन जोडे ।दिल्लीका इशान्त शर्माले ३, खलिल अहमद, अक्षर पटेल, मुकेश कुमार, कुलदीप यादव र ट्रिस्टन स्टब्सले एक/उक विकेट लिए ।पहिले ब्याटिङ गरेको दिल्लीले ४ विकेट गुमाएर २०८ रन बनाएको थियो । अभिषेक पोरेलले ५८, ट्रिस्टन स्टब्सले ५७, साइ होपले ३८ र ऋषभ पन्तले ३३ रनको योगदान गरे । लखनउका नवीन उल हकले २, अर्शद खान र रवि विश्नोइले एक/एक विकेट लिए ।दिल्लीले लिगचरणका सबै खेल सकेर १४ अंक जोडेको छ भने पराजित भएको लखनउले एक खेल बाँकी छ र १२ अंक जोडेको छ ।

यो नतिजाले यी दुवै टोलीको प्लेअफमा पुग्ने सम्भावना न्यून बनेको छ । लखनउले बाँकी एक खेलमा ठुलो अन्तरले जित निकालेमा सम्भावना बाँकी हुनेछ भने दिल्ली औपचारिक रुपमा बाहिरिन बाँकी छ ।

# हृदयाघातबाट दैनिक १० हजार युरोपेलीको मृत्यु

**एएफपी**

कोपेनहेगन । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले युरोपमा ४० प्रतिशत मृत्यु हृदयाघातबाट हुने गरेको बताएको छ । यो एक दिनमा १० हजार वा प्रतिवर्ष ४० लाख मृत्यु बराबर हो । सङ्गठनले बुधबार युरोपेलीहरूसँग नुनको सेवन कम गर्न आग्रह गरेको छ ।



डब्ल्युएचओको युरोप शाखाका निर्देशक हान्स क्लुजले विज्ञप्तिमा भन्नुभयो, "नुनको सेवनलाई २५ प्रतिशतले कम गर्ने लक्षित नीतिहरू लागु गर्दा सन् २०३० सम्म हृदयाघातबाट करिब नौ लाख मानिसको ज्यान बचाउन सकिन्छ ।"

युरोपमा ३० देखि ७९ वर्षबीचका तीन वयस्कमध्ये एकजना उच्च रक्तचापबाट पीडित छन् । रक्तचाप प्राय नुनको अधिक सेवनले हुन्छ । डब्ल्युएचओको युरोपेली क्षेत्रका ५३ मध्ये ५१ मुलुकमा औसत दैनिक नुनको सेवन डब्ल्युएचओले सिफारिस गरेको अधिकतम पाँच ग्राम वा एक चम्चाभन्दा बढी हुन्छ । यसको मुख्य कारण प्रशोधित खाद्य पदार्थ र स्न्याक्स हो ।"नुनको उच्च सेवनले रक्तचाप बढाउँछ, रक्तचाप हृदयाघात वा स्ट्रोकजस्ता हृदय रोगहरूका लागि प्रमुख जोखिम कारक हो", डब्ल्युएचओले भनेको छ ।

सङ्गठनले युरोपमा रक्तचापको विस्तार विश्वमा सबैभन्दा बढी रहेको बताएको छ । सङ्गठनको प्रतिवेदनअनुसार यस क्षेत्रमा महिलाको तुलनामा पुरुषको मृत्यु हुने सम्भावना करिब अढाई गुणा बढी छ ।हृदयाघातबाट मृत्यु हुनेमा भौगोलिक विभाजन पनि छ । पश्चिमी युरोपको तुलनामा पूर्वी युरोप तथा मध्य एसियामा हृदयाघातबाट युवा (३० देखि ६९ वर्ष समूह) मृत्यु हुने सम्भावना करिब पाँच गुणा बढी छ ।

# युक्रेन सङ्कटको वार्ताका लागि खुला रहेको पुटिनको भनाइ

**सिन्ह्वा**

मस्को । युक्रेन सङ्कटको राजनीतिक समाधानार्थ वार्ताका लागि चीनको प्रयासबारे रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले चीनको स्थितिमा सकारात्मक धारणा व्यक्त गर्नुभएको छ ।

बिहीबारदेखि सुरु हुने पुटिनको दुई दिने चीन भ्रमणको पूर्वसन्ध्यामा सिन्ह्वासँगको लिखित अन्तर्वार्तामा उहाँले चीनले युक्रेन सङ्कटको कारण र यसको विश्वव्यापी भूराजनीतिक प्रभावलाई स्पष्टरूपमा बुझ्ने बताउनुभएको हो । चीनले सन् २०२३ फेब्रुअरीमा जारी गरेको १२ सूत्रीय प्रस्तावले युक्रेन सङ्कटको राजनीतिक समाधानमा चीनको स्थिति प्रतिबिम्बित गर्दछ । दस्तावेजमा सङ्केत गरिएका अवधारणा र सुझावहरूले द्वन्द्व स्थिति स्थिर गर्न चीनको निष्कपट इच्छा देखाउने उहाँले बताउनुभयो । चिनियाँ राष्ट्रपति सी जिनपिङले हालै युक्रेन सङ्कटको शान्तिपूर्ण समाधानका लागि प्रस्ताव गर्नुभएको चार सिद्धान्त माथि उल्लिखित दस्तावेजमा बिल्कुल फिट भएको पुटिनले जोड दिनुभयो ।

"यी कदम 'शीतयुद्धको मानसिकता' त्यागी अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्रसङ्घको बडापत्रको सम्पूर्णता र अन्तरसम्बन्धका लागि अविभाज्य सुरक्षा र सम्मान सुनिश्चित गर्न आवश्यक छ भन्ने विचारमा आधारित रहेका छन्", राष्ट्रपति पुटिनले भन्नुभयो, "हामीले वार्तालाई कहिल्यै अस्वीकार गरेका छैनौँ, हामी शान्तिपूर्ण तरिकाले यो द्वन्द्वको व्यापक, दिगो र न्यायपूर्ण समाधान चाहन्छौँ, हामी युक्रेनका बारेमा वार्ता गर्न तयार छौँ तर यस्तो वार्तामा हामीसहित द्वन्द्वमा सामेल सबै मुलुकको हितलाई ध्यानमा राख्नुपर्छ ।"

# श्रीलङ्काले मेको अन्त्यमा पहिलो 'आइओआरए व्यापार सम्मेलन' आयोजना गर्ने

**सिन्ह्वा**

कोलम्बो । श्रीलङ्काले मे २८ देखि २९ सम्म इन्डियन ओशन रिम एसोसिएसन (आइओआरए) व्यापार मञ्चको अध्यक्षतामा पहिलो व्यापार सम्मेलन आयोजना गर्ने विदेश मन्त्रालयले बुधबार एक विज्ञप्तिमार्फत बताएको छ ।

उक्त सम्मेलन सिलोन चेम्बर अफ कमर्ससँगको सहकार्यमा हुने मन्त्रालयले जनाएको छ । 'सस्टेनिङ ग्रोथ-ब्रिजिङ होराइजन्स' नामक बिजनेश कन्क्लेभले स्मार्ट कृषि, सूचना तथा सञ्चार प्रविधि (आइसिटी), रसद, पर्यटन, नवीकरणीय ऊर्जा, साना तथा मझौला उद्यम (एसएमई) विकास र महिला सशक्तीकरणका क्षेत्रमा केन्द्रित हुने बताएको छ ।

मन्त्रालयले यो कार्यक्रममा उद्योगका नेताहरूलाई आइओआरएका सदस्य राष्ट्रहरूमा बलियो आर्थिक साझेदारी र जडानहरू स्थापना गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरेको छ ।

सम्मेलनमा सहभागीहरूले २३ आइओआरए देश र १२ संवाद साझेदार देशका आफ्ना समकक्षीहरूसँग तालमेल निर्माण गर्न विविध व्यापार र लगानीको सम्भावनाहरूमा बढी एक्सपोजर प्राप्त गर्ने अपेक्षा गरिएको छ । यसको प्रतिनिधित्व व्यापार प्रतिनिधिमण्डलले गर्ने मन्त्रालयले बताएको छ ।

# सोह्रौं योजना कार्यान्वयन गर्न अनुमानित लागत रु एक सय ११ खर्ब




काठमाण्डु । सोह्रौं योजना कार्यान्वयनका लागि करिब रु एक सय ११ खर्ब लागत अनुमान गरिएको छ ।

राष्ट्रिय योजना आयोगले बुधबार सार्वजनिक गरेको विवरणअनुसार सोह्रौ योजना कार्यान्वयन गर्न करिब एक सय ११ खर्ब लागत अनुमान गरिएको छ । आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठले मङ्गलबार मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको योजना र लागत अनुमानबारे जानकारी दिँदै कार्यान्वयनका लागि आवश्यक लगानीमा समस्या नहुने बताउनुभयो ।

त्यसैगरी आयोगका प्रवक्ता यमलाल भुसालले सोह्रौं योजनाले लिएका लक्ष्य कार्यन्वयनका लागि आवश्यक एक सय ११ खर्बभन्दा बढि लागत लाग्ने र लागत सुनिश्चिताका लागि नीजि क्षेत्रको साझेदारी बढाइने बताउनुभएको छ । उहाँका अनुसार सोह्रौं योजनाका रणनीतिहरूमध्ये विकासका सबै क्षेत्र तथा आयाममा देखिएका संरचनागत अवरोधहरूको पहिचान, सम्बोधन र निराकरण गर्दै उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने रहेको छ ।

"सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारलगायत सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्र एवम् विकास साझेदारबीचको अन्तरसम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने लक्ष्य छ," उहाँले भन्नुभयो । साथै विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण, आधुनिक प्रविधिको प्रयोग, वातावरण संरक्षण र विपद् जोखिम न्यूनीकरणलाई आन्तरिकीकरण गर्ने तथा अध्ययन, अनुसन्धान एवम् तथ्यमा आधारित नीति निर्माण र विकासका कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्यअनुसार आवश्यक कार्य गरिने पनि उहाँको भनाइ छ ।

संरचनात्मक रूपान्तणका क्षेत्रहरूमा समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिकवृद्धि गर्ने, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नेलगायत छन् । यसैगरी अन्य क्षेत्रहरूमा उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा गर्ने, स्वस्थ, शिक्षित र सीपयुक्त मानव पूँजी निर्माण गर्ने, गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आवद्धताका क्षेत्रहरू रहेका छन् ।

सार्वजनिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८५/८६ सम्म प्रतिव्यक्ति आय वार्षिक २ हजार ३ सय ५१ अमेरिकी डलर पुऱ्याउने लक्ष्य रहेको छ । यस्तै, योजनावद्ध, दिगो र उत्थानशील सहरीकरण तथा बस्ती विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समतामूलक समाज निर्माण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास, गरिबी तथा असमानता न्यूनीकरण, प्रभावकारी वित्त व्यवस्थापन तथा पूँजीगत खर्च क्षमता वृद्धि, शासकीय सुधार तथा सुशासन प्रवर्द्धन, जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र, अतिकम विकसितबाट विकासशील राष्ट्रमा स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयनका क्षेत्रहरु तोकिएका छन् ।रासस

# नीति तथा कार्यक्रमलाई समर्थन गर्नेगरी बजेट आउँछः अर्थमन्त्री पुन



"बहुवर्षीय ठेक्का लगाएर दायित्व सिर्जना गर्ने तर दायित्व तिर्न सक्दिन भन्ने बोली सरकारको हुन सक्दैन । राज्य भनेको विगतका नीतिको निरन्तरता हुन्छ । को मान्छे मन परे, को परेनन् वा कस्ता खालका निर्माण व्यवसायीले ठेक्का पाए भन्ने सरोकारको विषय होइन ।"

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले मङ्गलबार सार्वजनिक भएको सरकारको नीति तथा कार्यक्रमअनुसार नै आगामी आर्थिक वर्षको बजेट आउने बताउनुभएको छ ।नेपाल उद्योग वाणिज्य महासङ्घले आज यहाँ आयोजना गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को पूर्व बजेट अन्तर्क्रियामा अर्थमन्त्री पुनले सरकारको नीति तथा कार्यक्रमले उत्पादन वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, आन्तरिक अर्थतन्त्र सुधार गर्नेलगायत विषयलाई प्राथमिकताका अघि बढाउने उल्लेख गरेको र सोहीअनुसार बजेट बिनियोजन हुने बताउनुभयो ।

"नीति तथा कार्यक्रममा उल्लेख भएका योजना तथा नीतिअनुसार नै बजेट आउँछ र बजेटसँग मेल खानेगरी मौद्रिक नीति आउँछ । बजेटले समर्थन गर्न नसक्ने विषय नीति तथा कार्यक्रममा राखिएका छैनन्", अर्थमन्त्री पुनले भन्नुभयो । आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि विभिन्न क्षेत्रसँग सुझाव लिइएको र कार्यान्वयनयोग्य सुझाव सम्बोधन गरिने प्रतिबद्धता अर्थमन्त्री पुनले जनाउनुभयो ।निर्माण आयोजनामा ठेक्का लगाएर दायित्व सिर्जना भइसकेपछि सरकार दायित्वबाट पन्छिन नहुने अर्थमन्त्री पुनको तर्क छ । अहिले उत्पादन र विकास निर्माण क्षेत्र समस्यामा रहेकामा त्यसलाई सम्बोधन गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ । निर्माण व्यवसायीहरुको भुक्तानी नरोकिएको पनि उहाँले स्पष्ट पार्नुभयो ।

"सरकार अभिभावक र अगुवा दुवै हो । सरकारलाई सबैले देखिरहेको हुन्छ र सरकारले सबैलाई देखिरहेको हुन्छ । अघिल्ला आर्थिक वर्षको बजेटमा परेका तर बीचमा निरन्तरता हुन नसकेको वा बहुवर्षीय आयोजनालाई निरन्तरता नदिँदा केही समस्या भएको देखिन्छ । भुक्तानी दिनुपर्नेछ भने नयाँ शीर्षकमा राखेर भए पनि भुक्तानी गर्न विषयगत मन्त्रालयलाई भनिसकेको छु", पुनले भन्नुभयो, "बहुवर्षीय ठेक्का लगाएर दायित्व सिर्जना गर्ने तर दायित्व तिर्न सक्दिन भन्ने बोली सरकारको हुन सक्दैन । राज्य भनेको विगतका नीतिको निरन्तरता हुन्छ । को मान्छे मन परे, को परेनन् वा कस्ता खालका निर्माण व्यवसायीले ठेक्का पाए भन्ने सरोकारको विषय होइन ।" विभिन्न आयोजनामा ठेक्का प्रक्रिया अघि बढाएर दायित्व सिर्जना भइसकेपछि त्यसको जिम्मेवारी सरकारले लिने पनि उहाँले स्पष्ट पार्नुभयो ।

ठूलो जनसंख्या कृषिमा आश्रित रहेकाले नीति तथा कार्यक्रम र बजेटले पनि कृषिलाई प्राथमिकताका साथ अघि बढाउने उहाँको भनाइ छ । कृषि क्षेत्रलाई निर्वाहमुखी मात्र नभई प्रशोधन उद्योगसँग जोड्न सक्नुपर्ने तथा कृषिजन्य उत्पादनलाई प्रवर्द्धन गर्ने र बजारको सुनिश्चितता गर्ने विषय सरकारको प्राथमिकतामा रहेको उहाँको भनाइ छ ।त्यसैगरी विकास पूर्वाधारलाई आर्थिक क्रियाकलापसँग जोड्न सक्नुपर्नेमा अर्थमन्त्री पुनले जोड दिनुभयो । सरकारले पूर्वाधार बनाउने तर ती आर्थिक क्रियाकलापसँग जोड्न नसकेका कारण प्रतिफल लिन नसकेको उल्लेख गर्नुहुँदै पुनले विगतमा सिमेन्ट उद्योगका लागि विद्युत्, सडक निर्माणलगायत सुविधा दिएकामा त्यसबाट प्रतिफलसमेत प्राप्त भएको र सरकारले अब सूचना तथा सञ्चार क्षेत्रको पूर्वाधार निर्माणलाई केन्द्रमा राखेर अघि बढ्ने बताउनुभयो ।

आगामी आर्थिक वर्षको बजेटमार्फत करको दर बढाउनेभन्दा पनि दायरा फराकिलो बनाउने विषय प्राथमिकतामा पर्ने उहाँको भनाइ छ । त्यसैगरी सरकारी नीतिको निरन्तरताका लागि उहाँले प्रतिबद्धता जनाउनुभयो ।कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले राज्य स्रोतले धान्नसक्ने र रुपान्तरणकारी बजेट ल्याउन सरकारसँग आग्रह गर्नुभयो । "अहिलेका मूलभूत समस्या सम्बोधन गरी दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्न बजेटले रुपान्तरणकारी भूमिका निर्वाह गर्नुपर्ने माग निजी क्षेत्रको छ । आर्थिक रुपान्तरणका लागि निजी क्षेत्र प्रवर्द्धन विशेष योजनामार्फत सुधार थालिनुपर्छ", अध्यक्ष ढकालले भन्नुभयो ।

आगामी आर्थिक वर्ष बजेटको आकार नबढाउन पनि महासङ्घले सुझाव दिएको छ । "यसपटक बजेटको आकार नबढाउन हाम्रो सुझाव छ । बजेटको आकार बढाउँदा राजस्व र आन्तरिक ऋण बढाउनुपर्ने चाप सरकारमा पर्नेछ । जसले निजी क्षेत्र हतोत्साही हुने र ऋण दायित्व बढ्न जाने हुँदा यसमा विशेष ध्यान दिनुपर्ने हाम्रो आग्रह हो", महासङ्घ अध्यक्ष ढकालले भन्नुभयो, "राजस्व र खर्चको अनुमान गत वर्षको बजेटमा नभई वास्तविक खर्चको बढीमा १० प्रतिशत बढाइ खर्च र राजस्व अनुमान गर्नु उपयुक्त हुन्छ ।"

आगामी आर्थिक वर्षबाट लगानी प्रवर्द्धन दशक घोषणा गर्न पनि महासङ्घले माग गरेको छ । त्यसैगरी मुलुकको सार्वभौम साख मूल्याङ्कन (सोभरेन क्रेडिट रेटिङ) गर्नुपर्ने, द्विपक्षीय लगानी सम्झौता कार्यान्वयन गर्नुपर्ने, सम्भावित लगानीकर्तालाई भिसा शुल्क नलाग्ने गरी कम्तीमा तीन वर्षका लागि बहुवर्षीय भिसा उपलब्ध गराउनुपर्ने, एकल बिन्दु सेवाकेन्द्र प्रभावकारी बनाउनुपर्ने तथा स्वदेशी लगानीकर्ताका लागि खुला गरिनुपर्नेलगायत सुझाव महासङ्घले दिएको छ । कर्मचारी चाँडो चाँडो फेरिने अवस्थाको अन्त्य गरिनुपर्ने, 'भायबलिटी ग्याप फन्ड'को पहिचान गरी त्यसको सुविधा दिनुपर्नेलगायतका व्यवस्था सहजीकरणका लागि पनि महासङ्घले आग्रह गरेको छ ।

उद्यमशीलता नीति बनाइ 'उद्यमी नेपाली' कार्यक्रमअन्तर्गत निर्यातका आधारमा सहुलियत दिइने उत्पादनमा आधारित सहुलियत कार्यक्रम पाँच वर्ष सञ्चालन गर्नुपर्ने, आयात प्रतिस्थापन गर्ने उद्योगलाई निर्यात अनुदानको आधा अनुदान प्रदान गर्नुपर्ने, औद्योगिक कच्चा पदार्थको भन्सार दर तयारी वस्तुभन्दा दुई तह कम हुनुपर्नेलगायतका माग निजी क्षेत्रको छ । औद्योगिक करिडोर विशेष कार्यक्रमअन्तर्गत भारतीय सीमादेखि चुरेफेदीसम्मका सडक किनार र आसपासका क्षेत्र तथा अन्य सम्भावित करिडोरमा उद्योग लक्षित विशेष कार्यक्रम ल्याउनु आवश्यक रहेको महासङ्घ अध्यक्ष ढकालले बताउनुभयो । उत्पादनमूलक उद्योगमा लाग्दै आएको आयकर क्रमशः घटाइ पाँच वर्षमा पाँच प्रतिशत बिन्दुले कम गरी निश्चित अवधिसम्म नबढने सुनिश्चितता गर्न पनि निजी क्षेत्रको माग छ ।

एक सयभन्दा बढी रोजगारी दिने उत्पादनमूलक उद्योग, पर्यटनलगायतका सेवा उद्योग, सूचना प्रविधि उद्योगलाई रोजगार च्याम्पियनको सम्मानसहित आयकरमा न्यूनतम ४० प्रतिशत छुट दिनु पर्ने महासङ्घको सुझाव छ । त्यस्तै उत्पादनमूलक तथा आयात प्रतिस्थापन गर्ने उद्योगलाई विद्युत् महशुलमा पाँच वर्षसम्म ५० प्रतिशत छुट दिइनुपर्ने उसको माग छ । उत्पादनमूलक क्षेत्रका उद्योगलाई आवश्यकपर्ने कच्चापदार्थ आयात गर्दा अन्तःशुल्क नलाग्ने व्यवस्था गरिनुपर्ने, पुँजीगत लाभकरलगायत अन्य कर विवाद समाधानका लागि न्यायनिरुपणको प्रक्रिया छिटो र सहज बनाइनुपर्ने, एसेट म्यानेजफेन्ट फण्ड स्थापना गर्नुपर्नेलगायत सुझाव दिएको छ ।

नेपालमा उद्यमशीलताको भविष्य सुनिश्चित गर्न लघु, घरेलु एवं साना उद्यमीको स्थापना सञ्चालन र बहिर्गमन सहज बनाउन सानालाई सहुलियत कार्यक्रम सञ्चालन गर्नु आवश्यक रहेको महासङ्घले जनाएको छ । पूर्वानुमानित कर विवरण (डे १) दाखिला गर्ने कारोबारको सीमा रु एक करोडसम्म विस्तार गरी हालको कर रकम पाँच वर्षका लागि आधा घटाउनुपर्ने, साना उद्यमीलाई रु २५ लाखसम्मको परियोजना कर्जा बिनाधितो उपलब्ध गराई सो कर्जाको बीमा गराउनुपर्नेलगायतका माग परिसङ्घका छन् ।

लघु घरेलु, साना र महिला उद्यमीलाई पुनःकर्जा सुविधा उपलब्ध गराइनुपर्ने, नेपाली उत्पादन २० प्रतिशतसम्म महङ्गो भए पनि उपभोग गर्ने नीति तत्काल कार्यान्वयन गर्नुपर्ने, स्टार्टअप कार्यक्रम सञ्चालन गरी यस्ता उद्यमलाई हाल प्रदान गरिएको पाँच वर्षसम्मको आयकर छुटलाई अर्को पाँच वर्ष ५० प्रतिशत छुट दिइनुपर्ने र आगामी आर्थिक वर्षभित्रमा कम्तीमा एक सय स्टार्टअपमा निजी क्षेत्रको लगानी आकर्षित गर्न 'सय स्टार्टअप, सय लगानीकर्ता' कार्यक्रम सञ्चालन गरी निजी क्षेत्रसँग सहकार्य गर्न सुझाव दिएको छ ।

त्यस्तै, 'प्रविधिबाट समृद्धि कार्यक्रम', 'नेपालमा स्वागत छ' कार्यक्रम, कृषि पारस्थितिक प्रणाली (इकोसिस्टम) सुधार कार्यक्रम, निर्यात प्रवर्द्धन विशेष योजनालगायत कार्यक्रम ल्याउन पनि महासङ्घले सरकारसँग आग्रह गरेको छ ।ऊर्जा क्षेत्रमा सुधारका लागि विद्युत ऐन २०४९ मा जलविद्युत् आयोजना निर्माण गरी सञ्चालन गर्ने कम्पनीलाई १० वर्षसम्म पूर्ण तथा १० देखि १५ वर्षसम्म ५० प्रतिशतका दरले आयकरमा छुट पाउने र भ्याट फिर्ता दिने सुविधा २०८२ असार मसान्तभित्र निर्माण पूरा गर्ने कम्पनीले मात्र पाउने व्यवस्था भएकामा यो समय सीमालाई पाँच वर्ष थप गरी २०८७ सम्म विस्तार गर्न महासङ्घले सुझाव दिएको छ ।रासस

# एनसेलद्वारा 'फाइभजी भिजन'मा आधारित 'सधैं अन' योजना सार्वजनिक

काठमाण्डु । निजी क्षेत्रको टेलिकम्युनिकेसन सेवा प्रदायक कम्पनी एनसेलले 'फाइभजी भिजन'मा आधारित एनसेल 'सधैं अन' योजना सार्वजनिक गरेको । सेवाग्राहीलाई सधैं इन्टरनेटको पहुँचमा राख्ने उद्देश्यले कम्पनीले सो योजना ल्याएको बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जाब्बोर कायुमोभले नेपाली ग्राहकको डेटा उपयोग गर्ने व्यवहारलाई विश्वका अन्य मुलुकसरह बनाउँदै डिजिटलाइजेसनमा योगदान पुगोस् भन्ने उद्देश्यले नयाँ योजना सार्वजनिक गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, "उपभोक्ताका आवश्यकता परिवर्तन हुँदैछन्, । धेरै मोबाइल फोन प्रयोगकर्ताले आफ्ना दैनिक कार्यहरु किनमेल, यात्रा, बैंकिङ कारोबारलगायत अनलाइनबाटै गर्ने भएकाले सधैं इन्टरनेटमा पहुँच पुगोस् भनेर योजना ल्याएका हौं ।"

योजनाको मुख्य उद्देश्य नेपाली सेवाग्राहीलाई 'फाइभजी'का लागि तयार पार्नु रहेको सिइओ कायुमोभले बताउनुभयो । "फाइभजी ताररहित प्रविधिको भविष्य हो । यसले व्यवसाय र अर्थतन्त्रले कसरी काम गर्छ भनेर क्रान्तिकारी परिवर्तन गर्नेछ । ६० भन्दा बढी देशमा यो प्रविधि पहिले नै आइसकेको छ । भारतपछि नेपाल व्यावसायिक रुपमा फाइभजी सञ्चालनमा ल्याउने दक्षिण एसियाको दोस्रो मुलुक बनोस्", एनसेलको विज्ञप्तिमा भनिएको छ ।

फाइभजीको केवल द्रुत इन्टरनेट मात्र नभई अत्याधुनिक प्रविधिको परिचय गराउने क्षमता रहेको भन्दै यसले कृषि, स्वास्थ्य शिक्षा, पर्यटनलगायत क्षेत्रहरुको विकासमा महत्वपूर्ण प्रभाव पार्ने जनाइएको छ । योसँगै सरकारले लिएको डिजिटल नेपालको अवधारणालाई मार्ग प्रशस्त गर्ने कम्पनीले जनाएको छ । मोबाइल ब्रोडब्याण्ड स्पीडमा नेपाल अहिले विश्वको १०९ औं स्थानमा रहेको छ ।

'सधैं अन' योजना अन्तर्गत कम्पनीले बेसिक, बेस्ट र अनलिमिटेड गरी तीन समूहमा आठ वटा विभिन्न योजना सञ्चालनमा ल्याएको छ । "सात दिनको समयसिमा रहेको रु ९८ बाट सुरु हुने योजनादेखि २८ दिन समयावधि रहेको रु १४९९ पर्नेसम्मको विभिन्न योजना छन् । 'सधैं अन' योजना लिने ग्राहकले सामाजिक सञ्जाल प्रयोगका लागि निःशुल्का डेटा पनि प्राप्त गर्नेछन्", कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।रासस

# एसविआई र वन्डर्स विच सम्झौता

टुडे समाचारदाता



जनकपुरधाम । नेपाल एसविआई बैंक र वन्डर्स नेपाल प्राली विच स्काईवाक टिकटमा छुट दिने सम्झौता भएको छ ।

बुधबार नेपाल एसबिआई बैंक लि. र वन्डर्स नेपाल प्रा. लि.बीच बैंकका सम्पुर्ण डेबिट कार्ड र मोबाइल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई लक्षित गरी स्काईवाक टिकटमा २०% सम्म छुट दिने सम्झौता भएको हो । सम्झौतामा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत तथा प्रमुख वित्तिय अधिकृत राजेश कुमार पंडार वन्डर्स नेपाल प्रा.लिका प्रमुख कार्यकारी अधिकृत श्री कविन्द्र प्रसाद श्रेष्ठले हस्ताक्षर गरेका थिए । उक्त सम्झौता बैंकका प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत दीपक कुमार दे, प्रमुख संचालन अधिकृत यादवेंद्र कांत, प्रमुख व्यवसाय प्रबर्धन अधिकृत रितेश अर्याल, बागमति प्रदेशका प्रमुख बिनोद कुमार ढुंगेल र बैंक तथा वन्डर्स नेपाल प्रा. लि.का अन्य वरिष्ठ अधिकारीहरूको उपस्थितिमा सम्पन्न भएको हो ।

हाल यस बैंकले ९७ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय, १ कर्पोरेट अफिस, १२१ एटिएमबाट आफ्नो आन्तरिक तथा विश्वव्यापी नेटवर्क मार्फत सेवा प्रदान गर्दै आएको छ ।


**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**गौर, रौतहट**

## प्र.जि.अ. आवासाको हाताभित्र रहेका पुराना तथा जीर्ण भवन भत्काई मालसामान उठाई लैजाने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०२।०३**

मिति २०८१।०२।०२ गतेका निर्णयानुसार प्र.जि.अ.को पुरानो आवास भवन भत्काइ निसकेको मालसामान उठाई लैजाने कार्यको लागि (टेन्डर बढाबढबाट) स्वीकृत लागत इष्टिमेट अनुसार भत्काउनु पर्ने भएकोले इजाजत पत्र प्राप्त व्यक्ति, फर्म, संस्थाबाट तपसिलका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । दरभाउपत्रदाताहरुलाई आफ्नो दरभाउपत्र दाखिला गर्नु भन्दा अगावै भत्काउनु पर्ने भवनहरुको निरीक्षण गर्नको लागि सुझाव दिइएको छ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | वडा नं. | न्यूनतम कबोल अंक | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | १/०८०/०८१ | पुरानो प्र.जि.अ. आवास भवन | ५ | ५३२४७४।५४ | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरू**

१. सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) औ दिनसम्म कार्यालय समय भित्र इजाजत पत्र, फर्म दर्ताको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७९/०८० को कर चुक्ता भएका कागजातको प्रमाणित प्रतिलिपि संलग्न राखी रु. १०००।- (एक हजार रुपैया मात्र) पछी फिर्ता नहुने गरी तिरी यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. सिलबन्दी दरभाउपत्र खरिद गर्न चाहने इच्छुक व्यक्तिले नागरिकताको प्रमाण पत्र, फर्म, संस्था भए संस्थाको दर्ता तथा नवीकरण प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रका प्रतिलिपि, कालो सूचीमा नपरेको स्वयम घोषणापत्र पेश गर्नु पर्ने छ ।
३. सिलबन्दी दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको अंकको सयकडा ५ प्रतिशतका दरले लाग्ने धरौटी जमानत वापतको रकम को.ले.नि.का. रौतहटको नाउँमा रहेको रा.बा.बैंक गौर स्थित धरौटी खाता नं. १२१०१००१०२०३०००० मा जिल्ला प्रशासन कार्यालयको कोड नं. ३१४९२२००३ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकको ईजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ४५ दिन म्याद अवधि भएको बैंक जमानत पत्र (Bid Bond) पेश गर्नुपर्ने छ ।
४. खरिद भएका दरभाउपत्र फारामहरु यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) दिनको बिहान १२:००बजे भित्र यस कार्यालयको नाम सम्बोधन गरी दरभाउपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. समेत खुलाई फर्मको छाप तथा लाहाछाप सिलबन्दी गरी यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. सिलबन्दी दरभाउपत्रहरु १६ (सोह्रौ) दिन दिउँसो २:०० बजे जिल्ला प्रशासन कार्यालय, रौतहटमा खोलिनेछ ।
६. सबैभन्दा बढी कबोल गरेको व्यक्ति, फर्म संस्थाको दरभाउ पत्र स्वीकृत हुनेछ ।
७. भुईभित्रको भाग उत्खनन नगरी भुईको सतहको लेभेलमाथिको भाग भत्काउनु पर्ने छ ।
८. सम्झौता भएको मितिदेखि २ (दुई) हप्ताभित्र भवन भत्काई निस्केको मालसामान उठाई लैजानु पर्नेछ ।
९. सिलबन्दी दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. सिलवन्दी दरभाउपत्र दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा सो कार्य सोको लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।
११. यसमा उल्लेखित बाहेक अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

**सहायक प्रमुख जिल्ला अधिकारी**

# भव्यतासाथ जानकी नवमी मनाइँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रत्येक वर्ष वैशाख शुक्ल नवमीका दिन आयोजना हुने जानकी नवमी धुमधाम साथ मनाइने भएको छ।

जानकी जन्मोत्सवको दिनलाई स्मरण गर्दै वैशाख शुक्ल नवमीको अवसरमा धुमधामका साथ मनाइने तयारी जानकी मन्दिरले गरेको छ।

जनकपुरधाममा बुधबार पत्रकार सम्मेलन आयोजना गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले वैशाख नवमीका दिन जेठ ४ गते जानकी प्राकट्य जन्मोत्सवलाई हार्षोउल्लासका साथ मनाउनका लागि आग्रह समेत गरे।

उत्तराधिकारी महन्त दासले सम्पूर्ण सनातनीहरूमा जेठ ४ गते जानकी नवमी मनाइने भएकोले सबैलाई सहभागी भई हर्षोल्लासका मनाउन आग्रह गरे। महन्त दासले, 'नवरात्रीको सातौँ दिनसम्म पनि विभिन्न कार्यक्रमहरूको आयोजना हुँदै आएको छ, नवौं दिन अर्थात् जानकी नवमीका दिन विभिन्न धार्मिक अनुष्ठानका साथ जानकी प्राकट्य जन्मोत्सव धूमधामका साथ मनाइने भएकोले सबैलाई दर्शनका लागि आग्रह समेत गर्दछु।'

सो अवसरमा जेठ ४ गते नौ दिनमा विहान पाँच बजे दुधमतीमा शाही स्नान गरिने छ भने सोही दिनको १२ बजे आरती महोत्सव तथा जानकीजीको डोलासहित जनकपुरधाम नगर परिक्रमा र सन्ध्या आरतीसहितका कार्यक्रम हुने हुँदा महन्त दासले सो कार्यक्रममा सम्पूर्ण भक्तजनहरूलाई सहभागी हुन आग्रह समेत गरे।

सो अवसरमामन्दिर प्राङ्गणमा रामलीला र मानस विभूषित नरहरि दासद्वारा राम कथा प्रवचन र प्रत्येक दिन बधाई तथा मंगल गान पनि हुँदै आएको छ।




त्यस्तै इस्कोनले पनि भव्यतासाथ राम जानकी महामहोत्सव मनाउने जनाएको छ। जानकी नवमीको अवसरमा इस्कोनले बिहीबारदेखि तीन दिवसीयसम्म राम जानकी महामहोत्सव मनाउने जनाएको छ।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम



"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिबद्धता"

नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, टेकु ।

प्रेस विज्ञप्ति

मिति: २०८१/०२/०२

१. इण्डियन आयल कर्पोरेशनबाट आज १५ मे, २०२४ (जेष्ठ ०२, २०८१) मा प्राप्त नयाँ खरिद मूल्य अनुसार पेट्रोलको मूल्यमा प्रति लिटर रु. ६।७५ र डिजेलको मूल्यमा प्रति लिटर रु. ५।०९ ले घटेर आएको हुँदा निगम संचालक समितिको निर्णय अनुसार १६ मे २०२४ (जेष्ठ ०३, २०८१) बिहान ००:०१ बजेदेखि लागु हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रति लिटर रु. ७।०० (सात) र डिजेल तथा मट्टितेलमा प्रति लिटर रु. ५।०० (पाँच) ले घटाइएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा बिक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८१/०२/०३ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा बिक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | पेट्रोल | १७५।५० | १७७।०० | १७८।०० | १६८।५० | १७०।०० | १७१।०० |
| २. | डिजेल र मट्टितेल | १५६।५० | १५८।०० | १५९।०० | १५१।५० | १५३।०० | १५४।०० |

नोट: पहिलो वर्ग अन्तर्गत: चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गत: सुर्खेत र दाङ ।
तेस्रो वर्ग अन्तर्गत: काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद ।

प्रवक्ता

सञ्चालक समितिको बैठकले वुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर सात र डिजेल तथा मट्टितेलमा प्रतिलिटर पाँच घटाएको छ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रटिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ७० र तेस्रो वर्गका लागि एक सय ७१ कायम भएको छ। डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः एक सय ५१ रुपैयाँ ५० पैसा, एक सय ५३ रुपैयाँ र एक सय ५४ रुपैयाँ पुगेको छ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाण्डु, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रुपमा तोकेको छ। नयाँ मूल्य निगमकोडिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुनेछ।

इण्डियन आयल कर्पोरेशन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलिमय पदार्थको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । आइओसीले बुधबार पेट्रोलको मूल्यमा प्रतिलिटर छ रुपैयाँ ७५ पैसा र डिजेलको मूल्यमा प्रतिलिटर पाँच रुपैयाँ नौ पैसाले घटाएर नयाँ बिक्री मूल्य पठाएको निगमले जनाएको छ।

# 'अयोध्यास्थित राममन्दिरमा नेपालको धनुष राख्न सकिन्छ'



**टुडे समाचारदाता**

काठमाण्डु । भारतको अयोध्यास्थित श्रीराम जन्मभूमि तीर्थ क्षेत्र ट्रस्टका महासचिव चंपत रायले निर्माणाधीन राममन्दिरमा बन्ने 'रामदरबार'मा नेपालकोधनुषराख्नसकिनेबताएका छन्। नेपाल भ्रमणमा रहेका राय र नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिसँगको भेटमा उनले धनुषयज्ञमा आधारित अयोध्या र जनकपुरधाम तथा सीता र रामको सम्बन्धलाई जीवन्तता दिन मन्दिरमा सो प्रतिक राख्न आफूले पहल गर्नेसमेत बताए।

"नेपाल र भारतको ऐतिहासिक सम्बन्ध छँदैछ, त्यसैमा अयोध्या र जनकपुरधामको विशिष्ठ सम्बन्ध छ । त्यो सम्बन्ध धनुषयज्ञमा आधारित राम र सीताको विवाहले सम्भव भएको हो", रायले भने, "त्यसैले जनकपुरधामवासीका तर्फबाट धनुष प्रदान गरिएमा त्यसलाई ऐतिहासिक राममन्दिरको दोस्रो तलामा बन्ने रामदरबारमा राख्ने विषयमा मेरो पहल रहन्छ। त्यसले हाम्रो सम्बन्धलाई थप मजबुत बनाउने मेरो विश्वास छ।"

त्यसै गरी उनले नेपालको कालीगण्डकी नदीबाट उत्खनन गरी ल्याइएको शिला (देवशिला) बाट रामललाको मूर्ति बनाउने भनिए पनि कालिगढले केही प्राविधिक पक्ष देखाएर प्रयोग नगरेकोसमेत बताए । हाल सो शिलालाई दैनिक पूजा अर्चना गर्ने गरी रामसेवक पुरममा राखिएको उनको भनाइ छ । "हामीले मूर्ति बनाउने भनेरै नेपालको कालीगण्डकी नदीबाट शिला लिइएको कुरा सबैको जानकारी मै छ। त्यहाँ मूर्ति बनाउने क्रममा कालिगढले केही प्राविधिक कारणले प्रयोगमा ल्याउने अवस्था भएन तर हाल नेपालको पहिचान झल्किने गरी दैनिक हजारौँ भक्तजनले पूजाअर्चना गर्ने ठाउँमा राखिएको छ। त्यसको महत्व, सम्मान र आस्थामा कमी हुन दिएका छैनौँ", उनले भने।

त्यसक्रममा पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका नेता निधिले सीताबिना राम र जनकपुरधामबिना अयोध्या अधुरो रहने भन्दै राममन्दिरमा राखिने धनुष नेपालकै हुनु अझ बढी सान्दर्भिक हुने बताए। उनले भने, "भारतीय पक्षकै मागअनुसार नै हामी धनुषको स्वरुप, धातु, आकार बनाउन तयार छौँ । त्यसैले सीता र रामको सम्बन्धलाई सधैँ स्मरणीय राख्न पनि त्यहाँ नेपालको धनुष राख्नुपर्छ भन्ने हाम्रो मत हो । त्यसमा तपाई (राय) को भूमिका महत्वपूर्ण छ ।" उनीहरुबिच आगामी अक्टोबरमा द्विपक्षीय छलफल गरेर यो विषयलाई टुङ्ग्याउने सहमति भएको नेता निधिको सचिवालयले जनाएको छ।

# मधेश प्रदेशका ९० प्रतिशत नागरिक बीमाको पहुँच बाहिर

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका ९० दशमलव ६ प्रतिशत नागरिक बीमाको पहुँच बाहिर रहेका छन्। यहाँ बीमासम्बन्धी सचेतनाको कमी र सीमापार बीमा गर्ने परिपाटीका कारण बीमाप्रतिको आकर्षणमा कमी आएको छ।

मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख १४ हजार रहेको छ। नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयका अनुसार प्रदेशको कुल जनसंख्यामध्ये २०८० चैत मसान्तसम्म नौ दशमलव चार प्रतिशत अर्थात् पाँच लाख ७३ हजार चार सय ३३ ले मात्रै बीमा गराएका छन्।

यो तथ्याङ्कले मधेश प्रदेशमा बीमाप्रति सर्वसाधारणको आकर्षण कम रहेको देखाउँछ । नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयका प्रमुख कुशुम शर्माले मधेश प्रदेशमा बीमाको पहुँच कम भएकाले तीनवटै तहका सरकारको समन्वयमा प्रदेशभरिका जनताको बीमा गर्ने योजना अघि बढाउन आवश्यक रहेको बताए।

"मधेश प्रदेशमा बीमाको पहुँच न्यून देखिएको छ । यहाँका जनताको आर्थिक तथा स्वास्थ्यको स्तर कमजोर भएकाले तीनवटै तहको सरकारले आवश्यक समन्वय गरेर प्रदेशभरिका जनताको बीमा गरिदिने परिपाटीको विकास गर्न आवश्यक देखिएको छ", उनले भने, "यसअघि कर्णाली प्रदेश सरकारले त्यहाँका सबै जनताको बीमा गरिदिएझैं यहाँ पनि सबै जनताको बीमा गर्न जरुरत देखिन्छ, त्यसका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरण तयार छ।"

मधेश प्रदेशमा मात्रै होइन, समग्र मुलुकभरिका नागरिकमा बीमा पहुँचको अवस्था सन्तोषजनक छैन । विसं २०८० को चैत मसान्तसम्म मुलुकभरिका ४३ दशमलव तीन प्रतिशत जनसंख्या मात्रै बीमाको पहुँचमा छन्। अझै ५६ दशमलव सात प्रतिशत नागरिक जीवन बीमाको पहुँचभन्दा बाहिर छन्। विसं २०७५ सम्म मुलुकभरि १७ प्रतिशत जनता बीमाको पहुँचमा थिए।

प्राधिकरण मधेश प्रदेश कार्यालयका सहायक निर्देशक निर्मल खनालले मधेश

> मधेश प्रदेशमा "सरेन्डर" बीमालेख संख्या नौ हजार चार सय ६५ छ । कार्यालयका अनुसार चालु आवमा दाबी भुक्तानी बीमालेख संख्या १५ हजार चार सय ५० रहेको छ । मधेश प्रदेशमा निर्जीवन सक्रिय बीमालेख संख्या दुई लाख ३८ हजार तीन सय ४१ छ । त्यस्तै निर्जीवन बीमातर्फ कुल बीमा शुल्क सङ्कलन रु एक अर्ब ९९ करोड रहेको छ ।

प्रदेशका नागरिकमा बीमा साक्षरतासम्बन्धी ज्ञानको कमी र सीमावर्ती बजारमा बीमा गर्ने परम्पराले बीमाको पहुँचमा कमी आएको बताउँछन् । "मधेश प्रदेशमा उच्च गरिबी र अशिक्षाका कारण बीमा गर्नुपर्छ भन्ने सोचको विकास हुन सकेको छैन", उनले भने, "भारतीय सीमावर्ती बजारका कारण सीमापारी बीमा गर्ने परिपाटीले मधेश प्रदेशमा बीमाप्रति सर्वसाधारणको आकर्षण अपेक्षाकृत रुपमा बढाउन सकिएको छैन।"

बीमाबाट अनुचित लाभ लिन खोज्ने प्रवृत्ति, बीमकको शाखा/उपशाखामा न्यून जनशक्ति र बीमासम्बन्धी गलत बुझाईले बीमालाई प्राथमिकता नदिँदा आकर्षण बढ्न सकेको छैन । निप्स ननलाइफ वीरगञ्जका अध्यक्ष धीरज शर्माले मधेश प्रदेशका जनता गरिबीको रेखामुनि र आर्थिक अवस्था कमजोर भएकाले राज्यकै तर्फबाट बीमा गर्ने संस्कारको विकास गर्न आवश्यक रहेको बताए।

निप्स लाइफ वीरगञ्जका अध्यक्ष प्रमोदप्रसाद शाहले बीमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाको मारमा सर्वसाधारण पर्दा बीमाप्रतिको आकर्षण बढाउन नसकिएको बताए । "अचेल बीमा कम्पनीबीचको अस्वस्थ प्रतिस्पर्धाले बीमा गर्ने सर्वसाधारण मर्कामा परेका छन् । यस्ता विकृति-विसङ्गतिलाई प्राधिकरणले न्यूनीकरण गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ।"

बीमा गर्नेले बीमा कम्पनीलाई बीमाको प्रिमियम तिरे पनि तत्कालै बीमाको दाबी भुक्तानी गर्नुपर्ने उनले बताए। "बीमा दाबी भुक्तानी प्रक्रियागत झन्झट र लम्बेतान प्रक्रियाले सर्वसाधारणले समस्या भोगिरहनुभएको छ। सर्वसाधारणले भोगेका समस्या समाधान गर्न हामीले आवश्यक काम गर्दै आइरहेका छौँ", शाहले भने, "बीमा कम्पनीले बीमाकर्ताबाट प्रिमियम लिएपछि भुक्तानी प्रक्रियालाई सहज बनाएर सर्वसाधारणलाई बीमाप्रति आकर्षण बढाउनेतर्फ आवश्यक कदम चाल्न जरुरी छ।"

प्राधिकरणले बीमा क्षेत्रमा देखिएका विकृति अन्त्य गर्न विभिन्न कार्यक्रम गर्दै आइरहेको छ । कार्यालयका अनुसार मधेश प्रदेशमा २०८० चैत मसान्तसम्म जीवन बीमातर्फ दुई सय २५ शाखा कार्यालय रहेका छन्। त्यस्तै निर्जीवन बीमातर्फ एक सय २८ र माइक्रो जीवन बीमातर्फ सात र माइक्रो निर्जीवन बीमातर्फ चार गरी कुल तीन सय ६४ वटा बीमा कार्यालयका शाखा छन्। गत आवमा जीवन र निर्जीवन र अन्यतर्फ गरेर तीन सय ४० वटा शाखा कार्यालय रहेका थिए।

बीमा कार्यालयहरुमा कुल एक हजार एक सय ६५ जनाले रोजगारी पाएका छन्। प्राधिकरणका अनुसार गत आवसम्म मधेश प्रदेशमा सक्रिय बीमालेख संख्या पाँच लाख ७४ हजार चार सय १२ रहेको थियो। मधेश प्रदेशमा चालु आवको चैत मसान्तसम्ममा कुल बीमा शुल्क सङ्कलन नौ अर्ब ८४ करोड रहेको छ। 'म्याचुरिटी' दाबी बीमालेख संख्या नौ हजार चार सय ७७ छ।

मधेश प्रदेशमा 'सरेन्डर' बीमालेख संख्या नौ हजार चार सय ६५ छ । कार्यालयका अनुसार चालु आवमा दाबी भुक्तानी बीमालेख संख्या १५ हजार चार सय ५० रहेको छ। मधेश प्रदेशमा निर्जीवन सक्रिय बीमालेख संख्या दुई लाख ३८ हजार तीन सय ४१ छ। त्यस्तै निर्जीवन बीमातर्फ कुल बीमा शुल्क सङ्कलन रु एक अर्ब ९९ करोड रहेको छ।

मधेश प्रदेशमा कुल 'ग्रेस क्लेम' बीमालेख संख्या छ हजार तीन सय ९४ रहेको छ। कुल दाबी भुक्तानी बीमालेख संख्या पाँच हजार १८ रहेको छ।

# ज्येष्ठ नागरिकले सम्मानपूर्वक बाच्न पाउनुपर्छ : निवर्तमान मन्त्री लेखी

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशका निवर्तमान गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले ज्येष्ठ नागरिकको सवालमा राज्य गम्भीर हुनुपर्ने बताएका छन्।

जनकपुरधाममा बुधबार राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा भएको कार्यक्रममा बोल्दै नेकपा एमालेका नेतासमेत रहेका निवर्तमान मन्त्री लेखीले ज्येष्ठ नागरिकका लागि राज्यले निर्माण गरेका ऐन कानुनको प्रभावकारी कार्यान्वयनका विषयमा राज्य जिम्मेवार बन्नुपर्ने बताए।

ज्येष्ठ नागरिकको अधिकार सम्बन्धी निर्माण भएको ऐनको प्रभावकारिता तथा कार्यान्वयनको अवस्थाको विषयमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले ऐन कानुनको निर्माणले मात्रै ज्येष्ठ नागरिकको अधिकार प्राप्ति हुन नसक्ने हुँदा यसप्रति राज्यले कानुन कार्यान्वयनलाई प्रभावकारी ढंगले लाग्नु पर्ने बताए।

उनले ज्येष्ठ नागरिकको अधिकारका लागि राज्यसंगसंगै परिवार र सन्तानहरु पनि जिम्मेवार बन्नु पर्ने बताए।

देशमा तीन तहका सरकार रहे पनि उनीहरुले आफ्नो जिम्मेवारी नबुझेका कारण विभिन्न खालका समस्या आइराखेको उनले बताए । उनले भने-'हामी सबै जिम्मेवार भएको खण्डमा ज्येष्ठ नागरिक प्रतिको सम्मान हुनुको साथ साथै समाजमा देखिएका विकृति समाप्त भएर जाने र देश समृद्धिको यात्रामा अगाडि बढ्नु पर्छ।'

त्यस्तै सो कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मनोज दुवाडीले मान्छेले बाँचेर मात्रै नहुने भन्दै हरेक मान्छेले स्वतन्त्ररुपमा सम्मानपूर्वक बाच्न पाउनुपर्ने बताए । यसका लागि ज्येष्ठ नागरिकको सम्मानपूर्वक बाच्नु पाउनुपर्ने उद्देश्यका साथ राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कामकाजलाई अगाडि बढाएको उनले बताए।

युएनएफपिएका प्रतिनिधि समीर घिमिरेले ज्येष्ठ नागरिकको लागि निमार्ण गरिएको ऐन कानुनको कार्यान्वयनको अवस्थाको विषयमा आफ्नो कार्यपत्र प्रस्तुत गरेका थिए।

# कटहरिया पूर्ण खोप सुनिश्चितता घोषणा

**दिलीप पाण्डेय**



गौर । रौतहटमा १८औं पालिका पूर्ण खोप सुनिश्चितता घोषणा भएको छ । कटहरिया नगरपालिका १८औँ पालिकाको रुपमा पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा भएको छ।

रौतहट जिल्ला पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने अभियान अन्तर्गत बुधबार पूर्ण खोपको सम्पूर्ण मापदण्ड पूरा गरेको कटहरिया नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ।

जिल्ला समन्वय समिति रौतहटका अध्यक्ष एवम् जिल्ला खोप समन्वय समितिका संयोजक राम अयोध्या यादवको प्रमुख आतिथ्य तथा कटहरिया नगरपालिकाका नगरप्रमुख अजय प्रकाश जयसवालको सभापतित्वमा आयोजित कार्यक्रममा १६ महिनादेखि ५९ महिनासम्मका बालबालिकालाई पाउनुपर्ने खोप सुनिश्चितता भएपछि नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको छ।

कटहरिया नगरपालिकाले आयोजना गरेको घोषणा कार्यक्रममा सम्बोधन गर्दै समन्वय समितिका अध्यक्ष यादवले शिक्षा र स्वास्थ्य मानवको लागि नभई नहुने आधारभूत आवश्यकता रहेको बताए । शिक्षा नभए जीवन अधुरो र स्वास्थ्य राम्रो नभए जीवन सकिने भएकाले दुवै अपरिहार्य भएकाले शिक्षा र स्वास्थ्यमा सुधार गर्नुपर्नेमा उनले जोड दिए।

उनले खानपिन पौष्टिक आहारयुक्त नभएका कारण विभिन्न रोगको शिकार हुने भएकाले स्वास्थ्य जीवनको लागि मंसाहरी भोजनभन्दा शाकाहारी भोजन गर्न उपयुक्त हुने सुझाव दिए। अध्यक्ष यादवले जन्म लिने बच्चाका स्वास्थ्यको ख्याल गर्दै समयमा खोप लगाउन नबिर्सन अपिल गर्दै गाउँघरमा कुनै खोपको दिगोपनाको लागि खोपको निरन्तरता दिन स्वस्थ्यकर्मीलाई निर्देशन समेत दिए।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख प्रशासकीय अधिकृत बिपिन कुमार साह र खोप अधिकृत अनिल कर्णले १३ वटा रोगविरुद्धको लागि १३ खोप अनिवार्य रहेको बताए। उनले भने-'१८औं पालिका पूर्ण खोप पालिकाको रुपमा घोषणा भइसकेकाले अब जिल्ला नै छिटै पूर्ण खोप घोषणा हुनेछ।'

कटहरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गर्ने अभियानमा दिनरात खटिने स्वास्थ्यकर्मी, महिला स्वयंसेविकालाई धन्यबाद ज्ञापन गर्दै आफ्नो जिम्मेवारीलाई निरन्तरता दिँदै अघि बढ्न आग्रह गरे।

नगर प्रमुख अजय कुमार जयसवालले पूर्ण खोप अभियानमा सक्रिय भूमिका निर्वाह गरेका स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविकालाई हात्तीपाइले रोग विरुद्धको औषधि सेवन अभियानलाई सफल बनाउन आग्रह गरे। कार्यक्रममा वडाध्यक्ष श्यामाकान्त यादव, रुपेश कुमार यादव, समीम बिक्रम साह पत्रकारलगायतका उपस्थित रहेका थिए।




**लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं**

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई समुदायको,

- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रतिसकारात्मकदृष्टिकोणकोविकासगरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिकस्वतन्त्रता, आत्मसम्मानरन्यायकोपक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८